

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक १३५ • २०८१ साल आश्विन १५ गते मंगलबार (1 October, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## बाढीपहिरो र डुबानमा मृत्यु हुनेको संख्या २ सय, २६ जना बेपत्ता



**टुडे समाचारदाता**

जनकपुरधाम । बिहीबारदेखि भएको अविरल वर्षाको कारण एकैसाथ देशभर आएको बाढी, पहिरो र डुबानका कारण मृत्यु हुनेको संख्या दुई सय पुगेको छ ।

नेपाल प्रहरीले जनाए अनुसार सोमबार अपरान्हसम्मा बाढीपहिरो र डुबानबाट मृत्यु हुनेको संख्या २ सय पुगेको छ भने १२७ जना घाइते र २६ जना बेपत्ता रहेका छन् ।

प्रहरीले जनाए अनुसार विपद्मा परेका ४ हजार दुई सय २२ जनाभन्दा बढीको उद्धार गरिएको छ ।

त्यस्तै मधेश प्रदेशमा बाढीबाट मृत्यू हुनेको संख्या ६ जना पुगेको छ । मृत्यु हुनेमा एक बालिकासहित ६ पुगेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ । मृत्यु हुनेमा महोत्तरी र रौतहटका २/२ तथा सप्तरी र सर्लाहीका १/१ जना छन् ।

मधेश प्रदेशमा आएको बाढीका कारण ५६ लाख रुपैयाँको क्षति भएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

त्यस्तै बाढीबाट मधेश प्रदेशमा मात्रै ९ वटा पशुचौपाया पनि मरेका छन् ।

मधेशमा बाढीबाट ९६ परिवारका विस्थापित भएका छन् भने बाढीमा फसेका ३५ जनालाई उद्धार गरिएको जनाइएको छ ।

# उत्तरप्रदेशकी राजपाल आनन्दीवेनको कार्यक्रम रद्द

## स्वास्थ्यमा समस्या देखिएपछि भ्रमण स्थगनको सुचना

**टुडे समाचारदाता**

जनकपुरधाम । भगवान रामको जन्मभूमी भारतको उत्तरप्रदेश राज्यकी राजपाल( गभर्नर) आनन्दीवेन पटेलको मंगलवार देखि हुने दुई दिने जनकपुरधाम भ्रमणको कार्यक्रम रद्द भएको छ ।

उत्तर प्रदेशको अयोध्या र मधेश प्रदेशको जनकपुरधामबीच त्रेतायुगकालिन सम्बन्ध रहेको छ ।भगवान राम र सीताको विवाह भएदेखि नेपाल र भारतबीच रोटीबेटीको सम्बन्ध स्थापित भएको हो ।

राजपाल पटेल धार्मिक भ्रमणको क्रममा मंगलवार दिउँसो जनकपुरधाम आउने कार्यक्रम थियो ।उत्तरप्रदेशको लखनउबाट हवाईमार्ग भएर भारत बिहारको दरभंगा आउने कार्यक्रम थियो ।त्यहाँबाट उनी राजमार्ग भएर जनकपुरधाम आउने कार्यक्रम निर्धारण गरिएको थियो ।

राजपाललाई स्वागत गर्न र दुई दिन सम्मको कार्यक्रम मिलाउन भारतीय राजदूतावास, भारतको महावाणिज्य दूतावास वीरगञ्जका अधिकारीहरु जनकपुरधाम आइपुगेका थिए ।राजपाल पटेललाई मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंह लगायत सुरक्षा अधिकारीहरु, राजनीतिकर्मी, भारतीय राजदूतावासका अधिकारीहरुले नेपालको जटही बोर्डरमा स्वागत गर्ने कार्यक्रम निर्धारण गरिएको थियो ।माता सीताको पावन जन्मस्थलीको धार्मिक भ्रमणमा उनी आउन लागेकी थिइन् ।



*फोटो सौजन्य :हिन्दुस्तान टाइम्स*

महामहिम राजपालको भ्रमण रद्द भएको सुचना अबेर राती प्राप्त भएको छ उनले भने, स्वास्थ्यमा समस्या देखिएकै कारण उहाँ आउन सक्ने अवस्था भएन् ।राजपाल पटेल ८५ वर्षकी हुन् ।

दरभंगावाट जनकपुरधामको ८० किलोमिटर लामो यात्रा उनी राजमार्गबाट गर्ने छन् ।दुई दिन लामो उनको कार्यक्रममा धार्मिक स्थलहरु नै प्राथमिकतामा थियो ।

मधेश प्रदेशका मुख्यमन्त्री सिंहले जनाए अनुसार राजपाल पटेल भारतको राजधानी नयाँदिल्लीबाट आइतवार लखनउ कार्यक्षेत्र आएकी पटेलको स्वास्थ्यमा सोमवार समस्या देखिएकाले भ्रमण रद्द गरिएको हो ।

राजपाल पटेलले मंगलवार जानकी मन्दिरमा दर्शन पुजा र गंगासागर , धनुषसागरको अवलोकन गर्ने कार्यक्रम थियो ।

बुधवार बिहान धनुषाधाम र मणिमण्डपको दर्शन अवलोकनगरि जलेश्वर भिठ्ठामोड राजमार्गबाट स्वदेश फर्किने कार्यक्रम रहेको थियो ।

भारतको राष्ट्रिय राजनीतिमा अत्यन्त प्रभावशालीमानिनेपटेलभारतकोगुजरातप्रदेशकी पहिलो महिला मुख्यमन्त्री, केन्द्रिय सरकारमा शिक्षा मन्त्री, मध्य प्रदेश र छतिसगढकी राजपाल रहिसकेकी छन् । प्रधानमन्त्री नरेन्द्र मोदीले अयोध्यामा भगवान रामको प्राणप्रतिष्ठा गरेको गर्भगृहमा उनी उपस्थित थिइन् ।

भारतको सत्तारुढ भारतीय जनता पार्टी (भाजपा)को वरिष्ठ सकृय नेतृमा उनी गनिन्छन् ।गुजरात राज्यमा भाजपाको वर्चस्व कायम राख्न आनन्दीवेनको महत्वपूर्ण भूमिका रहेको बताइन्छ ।

उत्तरप्रदेशमा भाजपाको सरकार छ।मुख्यमन्त्रीयोगीआदित्यनाथमधेशप्रदेशका तत्कालिन मुख्यमन्त्री लालबाबु राउतको निमन्त्रणमा जनकपुरधामको भ्रमण गरेका थिए ।उनी रामजानकी विवाहमहोत्सवको अवसर पारेर यहाँ आएका थिए ।त्यस अघि भारतका प्रधानमन्त्री मोदीले जनकपुरधामको भ्रमण गरेका थिए ।नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले उनलाई जनकपुरधामको जानकी मन्दिरमा स्वागत गरेका थिए ।

राजपाल पटेलको भ्रमणले जनकपुरधामको व्यापक प्रचार प्रचार हुने र धार्मिक सांस्कृतिक पर्यटकहरुको आगमनमा भारी बृद्धि हुने निश्चित थियो ।उत्तरप्रदेशको अयोध्यामा भगवान रामललाको प्राण प्रतिष्ठा भए यता जनकपुरधाममा हिन्दू धर्मावलम्बी पर्यटकहरुको आगमनमा भारी बृद्धि भएको छ ।

भगवान रामको दर्शन पश्चात सीतामाताको दर्शन नगरे सम्म पुजा पूर्ण नहुने मान्यता छ ।त्यसकारण अयोध्या जाने तिर्थयात्रीहरु जनकपुरधाम अनिवार्य रुपमा आउने गरेका छन्।राजपाल पटेलपनि जनकपुरधामको धार्मिक यात्रा गर्न चाहेकी थिइन् ।अधिकारीहरुका अनुसार उपयुक्त समयमा फेरी भ्रमणको कार्यक्रम निर्धारण हुन सक्ने छ ।यद्यपी हाल त्यसबारे केहि खुलाइएको छैन् ।

## पेट्रोल, डिजेल, मट्टितेल र हवाइ इन्धनको मूल्य घट्यो

**टुडे समाचारदाता**

काठमाण्डु ।वायुसेवा सञ्चालकहरुले हवाइ भाडा बढाउने घोषणा गरेको बेला नेपाल आयल निगमले हवाई इन्धनको मूल्य घटाएको छ ।सोमवार मध्यराती देखि लागु हुनेगरि निगमले हवाइ इन्धनको मूल्य प्रतिलिटर ६ रुपैयाँ घटाएको छ ।


त्यस्तै आन्तरिक हवाइ इन्धनको मूल्य प्रतिलिटर १२६ कायम भएको छ । अन्तर्राष्ट्रिय हवाइ इन्धनको मूल्य काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रतिकिलोलिटर ९ सय ६० अमेरिकी डलर र पोखरा तथा भैरहवामा ८ सय ६० रुपैयाँ प्रतिलिटर कायम गरिएको आयल निगमले जनाएको छ ।

नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्यपनि घटाएको छ ।सोमबार साँझ बसेको आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर १ रुपैयाँ र मट्टितेल तथा डिजेलमा प्रतिलिटर २ रुपैयाँ घटाउने निर्णय गरेको छ ।

मूल्य घटेपछि चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर १ सय ५५ र डिजेल र मट्टितेल १ सय ४४ रुपैयाँ ५० पैसा कायम भएको छ ।

मधेश प्रदेशको राजधानी सांँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल

ANJANI SUITE








विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite




डेंगी रोग डेंगी भाईरसवाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भांडोमा पनि हुर्कन सक्दछ ।

पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।

कोठा भित्र लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।

पूरै शरिर ढाक्ने लुगा लगाऔं ।

काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरु पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।

घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरूमा किटनाशक औषधि छर्कने गरौं ।

कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।

हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाँउहरु र पानी राख्ने भाँडाहरु खोजी खोजी सफा गरौ र लामखुट्टेको फुल नष्ट गरौ ।

लक्ष्मीनियाँ गाउँपालिका
लक्ष्मीनियाँ बजार, धनुषा, मधेश प्रदेश


जनकपुर टुडे
२०८१ साल आश्विन १५ गते मंगलबार (1 October, Tuesday, 2024)

# विपदको कहरः ललितपुरको बिजुली नियमित गर्न यथेष्ट जनशक्ति परिचालन

काठमाण्डु । अविरल बर्षाका कारण ललितपुरमा भएको विद्युत् आपूर्तिलाई नियमित बनाउन नेपाल विद्युत् प्राधिकरणले अधिकतम प्रयास गरिरहेको जनाएको छ ।

यही असोज ११ र १२ गतेको अविरल बर्षाका कारण ललितपुरको अधिकांश स्थानमा बिजुली आपूर्ती अवरुद्ध भएको थियो । कैयौं स्थानमा पोल ढलेको, वितरण लाइनमा क्षति पुगेका कारण विद्युत् आपूर्तिमा कठिनाई हुँदै आएको थियो ।

काठमाडौं र भक्तपुरमा आइतबारदेखि नै नियमित रुपमा बिजुली उपलब्ध भइसकेको भएपनि ललितपुरका सहरी क्षेत्र बाहेकका स्थानमा अझै मर्मत सम्भार जारी रहेको प्राधिकरणले जनाएको छ । प्राधिकरणको लगनखेल वितरण केन्द्रका प्रमुख




विजय महतोका अनुसार कतिपय स्थानमा सडक यातायात सञ्चालन हुन नसक्दा मर्मत सम्भारमा समस्या भएको छ ।

प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषका अनुसार मर्मत सम्भारका लागि आवश्यक जनशक्ति परिचालन गरिएको र आज साँझसम्म धेरै स्थानमा नियमित बिजुली उपलब्ध हुनेछ ।

लाकुरी भञ्ज्याङमा १० वटा पोलमा क्षति भएको छ भने सडकमा पहिरो आउँदा मर्मत सम्भारमा जनशक्ति परिचालन गर्न समस्या परेको छ । बाटो खुलेको अवस्थामा दुई दिनभित्र नियमित गर्न सहज हुनेछ । गोदावरी-३ पुल्चोकी जाने बाटोमा अवरोध छ । बाटो सञ्चालन भएपछि तीन दिनभित्र बिजुली उपलब्ध हुनेछ । भट्टेडाँडामा रहेको नागरिक उड्डयन प्राधिकरणको राडार नजिक भएको क्षतिको यकिन विवरण रुपमा प्राप्त हुन सकेको छैन । तर सो स्थानमा आज अबेरसम्म बिजुली उपलब्ध गराउने गरी तयारी गरिएको प्राधिकरणले जनाएको छ ।

ललितपुर-१४ स्थित कान्तिपुर कोलनी, कुसुन्तीको केही क्षेत्रमा आजै आशिंक रुपमा बिजुली उपलब्ध गराउने गरी लगनखेल वितरण केन्द्रले जनशक्ति परिचालन गरेको छ । यस्तै, किस्ट मेडिकल कलेज पछाडिका २० घरमा आजै बिजुली उपलब्ध हुनेछ ।प्राधिकरणका अनुसार, लिटिल एजेन्ल्स स्कुल, जग्ग एकीकरण आयोजना, ललितपुर २३ का विभिन्न स्थानमा पनि आजै बिजुली उपलब्ध गराउने गरी काम भइरहेको छ ।

गोदावरी लेलेतर्फको क्षतिको विवरण पनि यकिन हुन सकेको छैन । सडकमा पहिरो आएको र कतिपय स्थानमा बगाएका कारण अवरोध उत्पन्न भई मर्मत सम्भारमा समस्या पैदा भएको छ ।रासस

## चाडपर्व लक्षित बजार अनुगमनः

# दुईसातामा एक सय २८ व्यावसायिक फर्ममा अनुगमन

काठमाण्डु । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग एवं मातहतका कार्यालयले चाडपर्व लक्षित बजार अनुगमनलाई तीब्रता दिएका छन् । खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम असोजका दुई सातामा एक सय २८ खाद्य उद्योग एवं व्यवसायको निरीक्षण, अनुगमन तथा कारबाही गरिएको विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले जानकारी दिनुभयो । जसमध्ये ६१ किराना पसल तथा मार्ट, ४१ होटल/रेस्टुरेन्ट, २४ खाद्य उद्योग र दुई वटा डायट्री सप्लिमेन्ट बिक्रेता फर्ममा निरीक्षण अनुगमन गरिएको उहाँले बताउनुभयो ।

यस्तै, ललितपुरमा २३ खाद्य कम्पनीमा अनुगमन गरिएको छ । धापाखेलस्थित पचली भैरव पानी प्रशोधन उद्योगमा प्रशोधित पिउने पानी उत्पादन मापदण्ड २०७४ बमोजिमका मापदण्ड र अभिलेख नपाइएको हुँदा खाद्य ऐनबमोजिम नमूना सङ्कलन तथा हाललाई उत्पादन रोक्का गरी प्रशोधित पिउने पानी फिलिङ गर्ने स्थान सिलबन्दी गरिएको छ ।

टोखा नगरपालिका-६ धापासीस्थित सनराइज वेभेरेज नेपाल प्रालिमा निरीक्षणका क्रममा अनुमतिपत्र नवीकरण नभएको र अर्कैको नामको कम्पनीको जारमा पानी फिलिङ गरी बिक्री गरेको पाइएको हुँदा प्रशोधन कक्ष सिल गरिएको छ ।

सो कम्पनीलाई अनुमतिपत्र नवीकरण गर्न निर्देशन दिइएको प्रवक्ता महर्जनले बताउनुभयो । अनुगमनका क्रममा काठमाडौँ महानगरपालिका-११, एकता मार्ग, नयाँ बानेश्वर स्थित अर्जुन डेरी प्रालि सिलबन्दी गरिएको छ । ढुसी लागेको नौनी, घ्यू र चिज स्थानीय जानप्रतिनिधिको रोहबरमा नष्ट गरिएको छ । जसमा दुई सय ४० केजी नौनी, २५ केजी चीज र ४४ केजी घ्यू रहेको छ ।

ललितपुरको गोदावरी नगरपालिका-११ स्थित प्रशंसा कलेक्शन एण्ड रिफाईन प्रशोधन केन्द्रमा पनि शिलबन्दी गरिएको छ । यहाँ स्थानीय जनप्रतिनिधिको रहोबरमा ९५ केजी घ्यू नष्ट गरिएको छ । काठमाडौँ महानगरपालिका-९ सिनामङ्गलस्थित 'प्राप्ति फुड प्रोड्क्ट्स'को घ्यूको गुणस्तर विश्लेषण प्रतिवेदन गर्दा न्यूनस्तरको आएकाले असोज १० गते जिल्ला प्रशासन कार्यालय काठमाडौँका प्रतिनिधिको रहोबरमा ८० केजी घ्यू र ३० केजी नौनी नष्ट गरिएको प्रवक्ता महर्जनले राससलाई जानकारी दिनुभयो ।



यसैगरी उपभोग्य मिति समाप्त भएका, लेबल विवरण नभएका र उचित तवरले भण्डारण नगरेका चाउमिन छ थान, खुवा ६० किलो, मापदण्डभन्दा बढी खाद्य रङ प्रयोग गरिएको पुरी दुई किलो, बिस्कुट, ससेज चार केजी, बिर्यानी मसला पाँच केलो, मह चार किलो, कोदोको पिठो छ किलो, पेयपदार्थ ५१ बोतल, चिली हट ससलगायत अन्य खाद्य पदार्थ गरी करिब रु १० हजार ८५० बराबरको सामान नष्ट गरिएको छ ।

खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्न खाद्य व्यवसायीलाई विभागले आग्रह गरेको छ । लेबल विवरण नभएका खाद्य पदार्थ बिक्री वितरण नगर्न, सरसफाइमा विशेष ध्यान दिन, खाद्यवस्तु खरिद बिक्री गर्दा लेवल अनिवार्य हेर्न, स्टोर तथा भण्डार व्यवस्थित गरी सफा राख्न, उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ छुट्टै भण्डारण गर्न, पकाएको खाद्यपदार्थ छोपेर राख्न, मसिजन्य पत्रिकामा खाद्य पदार्थ नराख्न, किट नियन्त्रण गर्न र अनुमतिपत्र नलिई खाद्य व्यवसाय सञ्चालन नगर्न निर्देशन दिइएको छ ।

निरीक्षणका क्रममा कमजोरी देखिएका करिब १३ वटा खाद्य कम्पनीलाई बयानका लागि कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको विभागले जनाएको छ ।

खाद्य उद्योग एवं व्यवसायीलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम निषेधित कार्य नगर्न, नगराउन अनुरोध गरिएको पनि प्रवक्ता महर्जनले सुनाउनुभयो । अनुरोधविपरीत काम गरेमा ऐन, नियमबमोजिम कानुनी कारबाही हुने विभागले जनाएको छ ।रासस

# अस्थायी आवासका लागि अनुदान उपलब्ध गराइने

काठमाण्डु । सरकारले विपद्बाट भएको क्षतिको मूल्याङ्कन गर्न एक विशेष कार्यदल गठन गरी १५ दिनभित्र विवरण सङ्कलन गर्ने भएको छ ।

अविरल वर्षाका कारण देशव्यापी रुपमा भएको जनधनको क्षतिबारे तत्काल विवरण सङ्कलन गरी राहत उपलब्ध गराउने उद्देश्यका साथ सो निर्णय गरिएको हो । यही असोज ११ र १२ गतेको अविरल बर्षाका कारण आएको बाढी पहिरोका कारण जनधनको क्षति भएको छ ।

गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा सोमबार बसेको 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण कार्यसमिति'को बैठकले गृह, अर्थ, स्वास्थ्य तथा जनस~ख्या, भौतिक पूर्वाधार तथा यातायात, कृषि तथा पशुपंछी, सहरी विकास, खानेपानी, ऊर्जा जलस्रोत तथा सिँचाइ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका उपसचिव र सम्बन्धित क्षेत्रमा विज्ञ सम्मिलित कार्यदल गठन गरिएको छ ।



बैठकले क्षतिग्रस्त सरकारी तथा सार्वजनिक भवन, सडक, पुल, खानेपानी, विद्यालय, स्वास्थ्य संस्थालगायतका संरचनाको तत्काल पुनःनिर्माण कार्य सम्बन्धित मन्त्रालयले अगाडि बढाउने निर्णय गरेको छ । बैठकले कानुन मन्त्रालयको राय लिई 'विपद् संवेदनशील सामाजिक सुरक्षा मापदण्ड, २०८१' लाई स्वीकृत गर्नका लागि 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन', २०४७ को दफा ३९ बमोजिम मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्न सिफारिस गरेको छ ।

अस्थायी आवास निर्माणका लागि सात दिनभित्र लाभग्राही पहिचान गरी अनुदान उपलब्ध गराइने भएको छ ।

अस्थायी आवास निर्माणका लागि विपद् प्रभावितको पहिचान गरी 'अस्थायी आवास निर्माण अनुदानसम्बन्धी मापदण्ड, २०८१' बमोजिम अनुदान रकमको पहिलो किस्ता उपलब्ध गराइनेछ ।

राजमार्गमा अलपत्र परी गन्त्वयमा पुग्न नसकेका यात्रुलाई गन्तव्यसम्म पुग्ने व्यवस्था गर्न अवरुद्ध भएका सडक खण्ड तत्काल सञ्चालनमा ल्याउने व्यवस्था गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आवश्यक काम गर्नेछ । बाढी पहिरोबाट उत्पन्न विषम परिस्थितिमा सडक, खानेपानीलगायतका पूर्वाधार यथाशिघ्र सञ्चालन गरी सेवा प्रवाह गर्न सम्बन्धित निकायले द्रुत प्रक्रियाबाट आवश्यक व्यवस्थापकीय कार्य गर्ने निर्णय भएको छ ।

मौसमजन्य विपदबाट प्रभावितलाई राहत वितरणको प्रक्रिया एकद्धार प्रणालीबाट तत्काल सुरु गर्ने र मृत्यु भएका व्यक्तिको परिवारलाई 'विपद् पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७७' बमोजिम बेपत्ता भएका व्यक्तिका परिवारलाई मन्त्रिपरिषद्को गत असार ३१ को निर्णय बमोजिम राहत उपलब्ध गराइनेछ ।

बैठकले विपद् पश्चातको खोज, उद्धार, राहत, बाढीले थुपारेका गेग्रानलगायतका पदार्थ हटाउने कार्यका लागि स्वयम्सेवकले पुऱ्याएको योगदानलाई धन्यवाद दिएको छ । पुनःस्थापना र पुनःनिर्माणका लागि स्थानीय तहले 'विपद् व्यवस्थापन स्वयंसेवक ब्यूरो गठन. तथा परिचालन कार्यविधि, २०७८' बमोजिम राष्ट्रिय, प्रदेश, जिल्ला एवं पालिकास्तरीय स्वयंसेवक ब्यूरोले सक्रियतापूर्वक स्वयंसेवक परिचालन गर्न निर्देशन दिइएको छ ।

विपद् प्रभावित प्रदेशका प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र स्थानीय विपद् व्यवस्थापन समितिले ऐनले तोकेको जिम्मेवारी बमोजिमका विपद् पश्चातको खोज उद्धार, राहत, उपचार, पुनःस्थापना, पुनःनिर्माण एवं पुनःलाभका कार्यका लागि अनुरोध गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सञ्चार रणनीति, २०८१ मा एकहप्ताभित्र समितिका सदस्यबाट राय लिई संशोधनसहित स्वीकृत गरिनेछ । आपतकालीन गोदामघर सञ्चालन कार्यविधि, २०८१ को पनि संशोधनको प्रक्रिया अगाडि बढाइने छ ।

विपद् पश्चात फैलिन सक्ने महामारीको आकलन गरी महामारीजन्य रोग फैलन नदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्भाव्य जोखिमयुक्त स्थानहरूमा जनचेतना, स्वास्थ्य शिविरलगायतका कार्यक्रम सञ्चालन गरिनेछ । विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनःनिर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०८१ संशोधन गरी आवश्यक निर्णयका लागि मन्त्रिपरिषद्मा पेस गरिनेछ ।रासस

# नेपालसहित ३२ देशका लागि विजयादशमीको साइत सार्वजनिक



काठमाण्डु । अन्तर्राष्ट्रिय पञ्चाङ्ग निर्णय समितिले नेपालसहित ३२ देशका लागि बडादसैंको टीकाको साइत सार्वजनिक गरेको छ ।

विभिन्न देशमा बसोवास गर्ने सनातन धर्मावलम्बीबाट विजया दशमी टीकाको साइतबारे जिज्ञासा राखिएकाले विजया दशमी २०८१ को शुभसाइत सार्वजनिक गरिएको समितिका सदस्य सचिव लक्ष्मण पन्थीले जानकारी दिनुभयो । समितिले दिएको साइतअनुसार नेपालको काठमाडौँका लागि असोज २६ गते बिहान ११:३६ बजेको साइत शुभ रहेको छ ।

यसैगरी देहली भारतका लागि १२ अक्टोबर बिहान ११:४२, न्यूयोर्क अमेरिकाका लागि १२ अक्टोबर बिहान १०:०१, फ्याङ्कफर्ट केन्टुकी, अमेरिकाका लागि १२ अक्टोबर बिहान १०:३९, वोवेन्स्वोरोक, केन्टुकी, अमेरिकाका लागि १२ अक्टोबर बिहान ०९:४५, टेक्सास, अमेरिकाका लागि १२ अक्टोबर बिहान १०:०५, वासिङ्टन डिसी, अमेरिकाका लागि ०९:५५, क्यालिफोर्निया, अमेरिकाका लागि ०९:३९ बजेको समय शुभ रहेको समितिले जनाएको छ ।

यसैगरी टोरन्टो, क्यानडाका लागि १२ अक्टोबर बिहान १० :१५, भ्यानकुभर, क्यानडाका लागि १२ अक्टोबर बिहान १०:२७ बजेको साइत उत्तम रहेको सदस्य सचिव पन्थीले बताउनुभयो । रासस

# दुई दिनमा बाढीसम्बन्धी ४१ लाख मोबाइल 'एसएमएस'

काठमाण्डु । जल तथा मौसम विज्ञान विभागले गत शुक्रबार र शनिबार गरी दुई दिनमा ४१ लाख सेवाग्राहीलाई मोबाइल एसएमएस पठाएको जानकारी दिएको छ ।

बाढीसम्बन्धी जानकारी दिन र बाढीबाट सुरक्षित रहन सन्देश प्रवाह गर्दै नेपाल टेलिकम र एनसेलबाट उक्त एसएमएस पठाइएको हो । जल तथा मौसमविज्ञान विभागका बाढीविद् विनोद पराजुलीले एनसेलबाट करिब २१ लाख ७२ हजार र नेपाल टेलिकमबाट १९ लाख २१ हजार मोबाइल एसएमएस सर्वसाधारणलाई पठाइएको जानकारी दिनुभयो । "प्राकृतिक विपद्बाट हुन सक्ने सम्भावित धनजनको क्षति न्यूनीकरण गर्ने लक्ष्यले सर्वसाधारणलाई मोबाइल एसएमएस पठाउन नेपाल टेलिकम र एनसेलसँग समझदारी पत्रमा हस्ताक्षर भइसकेको थियो", उहाँले भन्नुभयो, "असोज ११ र १२ गते गरी दुई दिनमा मात्रै विपद्को जोखिम भएको क्षेत्र आसपासमा



बस्ने सर्वसाधारणलाई एसएमएस पठाएका थियौँ ।"

हाल जल तथा मौसम विज्ञान विभागले मनसुनजन्य विपत्तिबाट जोगाउन वार्षिक ९० लाख एसएमएस सर्वसाधारणलाई पठाउने गरेको जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा जगदीश्वर कर्माचार्यले बताउनुभयो । "हामी प्रत्येक दिन बिहान ६ बजे र बेलुकी ६ बजे मौसमी बुलेटिन प्रकाशन गर्छौँ, यसले तीन दिनसम्मको मौसमसम्बन्धी जानकारी दिन सहयोग गरेको छ", उहाँले भन्नुभयो, "यस्तो विपद् ल्याउने किसिमको वर्षा हुन्छ भनेर हामीले मौसमी बुलेटिनमा प्रकाशित गरिसकेका थियौँ । विपद्पछि पनि पूर्व सूचना दिन एसएमएस पठाएका थियौँ । कयौँले थाहा पाएर पनि हेल्चेक्र्याइँ गरेका कारण मानवीय क्षति भएको छ ।"

उहाँका अनुसार बाढी र वर्षासम्बन्धी जानकारीका लागि टोल फ्री नम्बर ११५५ र उद्धारका लागि मद्दत माग्न ११४९ को व्यवस्था गरिएको छ । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| बृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वर्षापछि आएको बाढीले महोत्तरीको **जलेश्वर नगरपालिका** वडा नं ८, बजराही गाउँमा जलमग्न भएको सडकबाट जोखिम मोलेर मोटरसाइकलमा गन्तव्यतर्फ जाँदै सर्वसाधारण । *तस्बिरः रासस*

# पछिल्लो विपद्बाट काठमाडौँ उपत्यका र बागमती प्रदेशमा धेरै जनधनको क्षति



काठमाण्डु । केही दिनअघि मुलुकभर परेको अविरल वर्षापछिको बाढीपहिरामा परी काठमाडौँ उपत्यका र बागमती प्रदेशमा सबैभन्दा बढी जनधनको क्षति भएको छ । विपद्बाट सोमबार अपराह्नसम्म काठमाडौँ उपत्यकामा मात्रै ८२ जना र उपत्यकाबाहेक बागमती प्रदेशमा ९४ जनाको मृत्यु भएको छ ।

सशस्त्र प्रहरी बल नेपालको तथ्याङ्कानुसार काठमाडौँमा ५२, ललितपुरमा २५ र भक्तपुरमा पाँच जनाको मृत्यु भएको छ । बाढीपहिराका घटनामा परी काठमाडौँमा दुई, भक्तपुरमा एक र ललितपुरमा १२ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी जारी छ । विपद्का घटनाबाट काठमाडौँमा १५ र ललितपुरमा दुई जना घाइते भएका छन् ।

बागमती प्रदेशका काभ्रेपलाञ्चोकमा ५९, सिन्धुपाल्चोकमा १३, मकवानपुर र दोलखामा सात/सात, धादिङमा चार, सिन्धुलीमा दुई तथा नुवाकोट र रामेछापमा एक/एक जनाको मृत्यु भएको छ । काभ्रेपलाञ्चोकमा चार र सिन्धुपाल्चोकमा एक जना बेपत्ता भएका छन् । काभ्रेपलाञ्चोकमा ५२, सिन्धुपाल्चोकमा चार र मकवानपुरमा एक जना घाइते भएका छन् ।

काभ्रेपलाञ्चोकमा सबैभन्दा बढी एक हजार घरमा क्षति पुगेको छ । यस्तै सिन्धुपाल्चोकमा १६ र सिन्धुलीमा पाँच घर क्षतिग्रस्त भएको छ । कोशीको पाँचथरमा छ, सोलुखुम्बुमा पाँच, धनकुटा र झापामा तीन/तीन, सुनसरी र इलाममा दुई/दुई, तेह्रथुम र ओखलढुङ्गामा एक/एक, मधेसको महोत्तरीमा दुई र रौतहटमा एक तथा लुम्बिनीको रुपन्देहीमा दुई जनाको मृत्यु भएको छ ।

बाढीपहिरोबाट २०४ को मृत्यु

विपद्का घटनामा परी देशभर दुई सय चार जनाको मृत्यु भएको भने ८९ जना घाइते भएका छन् । अझै ३३ जना हराइरहेका छन् । कोशीमा २३, मधेसमा तीन, उपत्यकामा ८२, बागमतीमा ९४ र लुम्बिनीमा दुई जनाको मृत्यु भएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

बाढीपहिराबाट मुलुकभर एक हजार सात सय ८३ घर र १९ वटा पुलमा क्षति पुगेको छ । पाँचथर, सुनसरी र सिन्धुपाल्चोकमा तीन बेलिब्रिज बाढीले बगाएको छ । यस्तै विभिन्न जिल्लामा पाँचवटा पक्की पुल सात वटा झोलुङ्गे र अन्य किसिमका चार गरी १९ वटा पुल र उदयपुरको एउटा रिसोर्ट बाढीले बगाएको छ ।रासस

# वायुसेवा निगम केन्द्रीय कार्यालयमा एयरहोस्टेसको धर्ना

काठमाण्डु । आफूहरुमाथि अन्याय र विभेद् भएको दाबी गर्दै नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) का एयरहोस्टेस (बिमान परिचारिका)ले विरोध प्रदर्शन गरेका छन् ।

निगममा लामो समयदेखि कार्यरत 'क्याबिन क्रु'हरुले सर्वोच्च अदालतले




दिएको अन्तरिम आदेश कार्यान्वयन नगरेको र न्यायका लागि गुहार गर्दा पनि व्यवस्थापनले बेवास्ता गरेको भन्दै उनीहरुले निगम केन्द्रीय कार्यालयमा धर्ना सुरु गरेका हुन् ।

कार्यालय प्रवेश गर्ने मुख्य प्रवेशद्धारमा एयरहोस्टेसले आज बिहान १० बजेदेखि साढे १२ बजेसम्म धर्ना दिएका छन् । झण्डै ५० जना एयरहोस्टेजले कार्यालय समयमा कार्यालय प्रमुखसहितका कर्मचारी प्रवेश गर्ने बेलामा हातमा कालोपट्टि बाँधी प्रदर्शन गरेको थिए । आफ्ना मागको सुनुवाइ नभएसम्म सङ्घर्षका कार्यक्रम जारी रहने वरिष्ठ विमान परिचारिका प्रजिता कार्कीले बताउनुभयो ।

निगम व्यवस्थापनले भने एयरहोस्टेसको पाँच वर्षको करारको सम्झौता सकिएकाले निरन्तरता दिन नसकिने जनाएको छ । "एयरहोस्टेसको पाँच वर्षको सम्झौताअनुसार काममा लगाइएको हो, उनीहरुको करार अवधि सकिएको छ । पुनःसेवा निरन्तरता दिन सकिन अवस्था छैन", निगमका एक उच्च अधिकारीले भन्नुभयो ।

सर्वोच्च अदालतले केही महिनाअघि कर्मचारीबीच सेवा, सुविधा र सेवा अवधिमा भेद्भाव नगर्न निगमका नाममा अन्तरिम आदेश जारी गरेको थियो । सर्वोच्चको आदेशको अवहेलना गर्दै क्याबिन क्रुलाई अवकास दिन लागिएको, सेवा सुविधामा भेद्भाव भएको भन्दै केही दिनदेखि कर्मचारीबीच असन्तुष्टि छाएको थियो ।

निगमभित्रका एक सय ७२ जना क्याविन क्रु (एयरहोस्टेस) केही महिनाअघि न्यायका लागि सर्वोच्चमा पुगेका थिए । सर्वोच्चले उक्त मुद्दालाई प्राथमिकता दिँदै कर्मचारीमाथि विभेद रोक्न, मुद्दा हालेकै कारणले पूर्वाग्रह नराखी काम गर्न अन्तरिम आदेश दिएको थियो ।

कर्मचारीहरुले पर्यटनमन्त्री बद्री पाण्डेलाई समेत भेटी भेद्भाव रोक्नका लागि आवश्यक पहल गर्न सुझावपत्र दिएका थिए । सर्वोच्चमा समेत यो विषयमा मुद्दा विचाराधीन रहेकै अवस्थामा पूर्वाग्रहपूर्ण ढङ्गले कारबाही थालेको एयरहोस्टेसको आरोप छ ।निगम परिसरमा कर्मचारीले सर्वोच्चको अन्तरिम आदेश पालना गर, विभेद् रोक, दमन गर्न पाइँदैन जस्ता प्ले कार्डसमेत बोकेका थिए ।रासस

# गढिमाई मेला संचालक समिति तथा व्यवस्थापन समिति गठन



**टुडे समाचारदाता**

बारा । विश्वप्रसिद्ध पञ्च वर्षिय गढिमाई मेलाको संचालक समिति तथा व्यवस्थापन मूल समितिको एक कार्यक्रमको योजना गरी सार्वजनिक गरेका छन् ।

मंसिर महिनामा लाग्ने सो मेलामा एसिया महादेशका अधिकांश ठाउँबाट मेला भर्न तीर्थ यात्रीहरु आउने गर्दछ । मेलालाई सभ्य, भव्य रुपमा मनाउनका लागि समितिको आवश्यकता भए अनुरुप समिति गठन गरी सार्वजनिक गरेका छन् ।

महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र यादवको अध्यक्षतामा १ सय ११ सदस्यीय समिति गठन भएको छ । समितिको उपाध्यक्षहरुमा मनोज कुमार गुप्ता, रामचन्द्र प्रसाद साह, रामबाबु प्रसाद यादव र कैलाश महतो चयन गरिएको नव गठित मेला समितिका अध्यक्ष उपेन्द्र यादवले जानकारी दिए ।

त्यसैगरि समितिको महासचिवहरुमा वीरेन्द्र प्रसाद यादव, नरेश प्रसाद जयसवाल, उपेन्द्र प्रसाद गुप्ता, सचिवहरुमा उमरावति देवी लहेरी, नितु कुमारी गुप्ता र कोषाध्यक्षमा वीरेन्द्र प्रसाद चौरसिया चयन भएका छन् ।

सो समितिका सदस्यहरुमा नेपाली काँग्रेस नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी नेपाल, नेकपा एस, लोकतान्त्रिक समाजवादी पार्टी, रा.स्व.पा,जनमत,नागरिक उन्मुक्ति, नेपाल जनता दलबाट १/१ जना प्रतिनिधि, १६ वटा पालिकाका प्रमुख, उपप्रमुख गरी १ सय ११ सदस्यीय समिति चयन गरी सार्वजनिक गरिएको थियो ।

# 'पत्रकारका लागि सूचना प्रविधिसहित सैद्धान्तिक र प्रयोगात्मक ज्ञान आवश्यक'

काठमाण्डु । त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार क्षेत्रसम्बद्ध अधिकारी तथा प्राध्यापकहरूले पत्रकारिता क्षेत्रलाई अझ विश्वसनीय, भरपर्दो र गुणस्तरीय बनाउन सम्बन्धित क्षेत्रको ज्ञान र सीप आवश्यक रहेको बताउनुभएको छ ।

त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागले वडादसैँ, दीपावली, नेपाल संवत् र छठ पर्वका अवसरमा सोमबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँहरूले बदलिँदो परिवेशमा सक्षम एवं कुशल पत्रकार बन्नका लागि आधुनिक सूचना प्रविधिसहित पत्रकारितासम्बन्धी सैद्धान्तिक, प्रयोगात्मक र व्यावहारिक ज्ञान हुन आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

सो अवसरमा त्रिभूवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र विभागका कामु डिन दुबिनन्द ढकालले सूचना प्रविधिको विकाससँगै सत्यतथ्य र आधिकारिक समाचारमार्फत समाजलाई सुसूचित गर्ने आमसञ्चार माध्यमलाई सही ढङ्गबाट अघि बढाउने जिम्मेवारी विशेषगरी पत्रकारिता विषयका विद्यार्थी तथा अध्यापकको रहेको बताउनुभयो ।

त्रिवि पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख डा कुन्दन अर्यालले पछिल्लो समयमा पत्रकारिता क्षेत्रमाथि अनेकौँ चुनौती सिर्जना भएको उल्लेख गर्दै सैद्धान्तिक र व्यवहारिक ज्ञानसहित खारिएको कुशल पत्रकार उत्पादनका लागि समाचार सङ्कलन, सम्पादन तथा सम्प्रेषण कक्ष र शिक्षण सिकाइ कक्षलाई जोड्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा विभागमा अध्ययनरत चौथो सेमेस्टरका विद्यार्थीको विदाइसमेत गरिएको थियो ।

त्रिविले २०५८ सालदेखि पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर, २०६७ सालदेखि विद्यावारिधि र २०७४ सालदेखि दर्शनाचार्य तथा विद्यावारिधि तहको अध्यापन गर्दै आएको छ ।रासस

# मानवीय सहायता परिचालनमा विलम्ब नगरौँ: मानव अधिकार आयोग

काठमाण्डु । बाढीपहिरो र डुबानलगायत विपद्पछिको उद्धार, राहत वितरण, स्वास्थ्य उपचारलगायत कार्यमा विलम्ब नगर्न राष्ट्रिय मानव अधिकार आयोगले सरकारको ध्यानाकर्षण गराएको छ ।

अनुगमनका क्रममा विपद् प्रतिकार्यमा ढिलाइ हुँदा प्रभावितहरूले थप समस्या भोग्नुपरेको देखिएको पनि आयोगले विज्ञप्तिमार्फत जनाएको छ । "सुरक्षा निकायबाट उद्धारका लागि तदारुकताका साथ कार्य गरिरहेको भए पनि उद्धार सामग्री पर्याप्त नहुँदा उद्धारकार्य प्रभावकारी हुन नसकेको, सरकारले घाइतेहरूको निःशुल्क उपचार गर्ने निर्णय गरे पनि सम्पूर्ण उपचार निःशुल्क हुन नसकेको अनुगमनबाट देखिएको छ", आयोगले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "भारी वर्षा हुन सक्ने हुँदा सतर्कता अपनाउन अनुरोध गरिए पनि विपद् पछिको तत्काल उद्धारका लागि सरकारी निकायबीच समन्वय, संवेदनशीलता र उद्धार सामग्री, उपकरण तथा प्रविधिको अभावका कारण सयौँ व्यक्तिले ज्यान गुमाउनु परेको पाइएको छ ।"




यस्तै, उद्धार गरी अस्थायी रूपमा प्रभावितलाई राखिएका ठाउँहरूमा फोहोर र महामारी फैलिन सक्ने भन्दै स्थानीयले हटाउन माग गर्दा समस्या भएको आयोगको विज्ञप्तिमा उल्लेख छ । अस्थायी आवासको व्यवस्था गरिएका स्थानमा शौचालय, पानी, बिजुली बत्ती, सञ्चार सुविधा तथा फोहोरमैला व्यवस्थापनमा समस्या देखिएको, उद्धार गरिएका केही व्यक्तिहरू गाँस, बास, कपासका लागि आफन्तकामा सहारा लिएर बसेको र केही व्यक्तिले मनोसामाजिक भय र त्रास फैलाउने भ्रामक सूचनाहरू सामाजिक सञ्जालमा प्रसारण गरेको देखिएको पनि आयोगले जनाएको छ ।

साथै, प्राकृतिक विपद् पछि खाद्यान्नलगायत उपभोग्य सामग्रीमा हुनसक्ने कृत्रिम अभाव, अस्वाभाविक मूल्यवृद्धि र सङ्क्रामक रोग फैलिन सक्ने अवस्थाप्रति सचेत रहन एवम् विपद्को अवस्थामा संवेदनशील भई उच्चतम मानवीय भावनाका साथ उद्धार, राहत तथा पुनःस्थापनाका लागि जुट्न आयोगले आग्रह गरेको छ । रासस


## धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८१/०६/१५ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले राजविराज शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०७८/११/१२ गते अन्नपुर्ण पोष्ट पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित तथा मिति २०७९/०१/१४ गते राजधानी दैनिक पत्रिकामा धितो लिलामी सम्बन्धि ३५ दिने सार्वजजिनक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि १५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४, बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री आँचल बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : बोरिया ३ (हाल राजविराज १३), सप्तरी ।** **दर्ता नं:- ३७०/२०७१/०७२**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : बिनिता देवी यादब (अध्यक्ष/जमानीकर्ता)**
पति : हरि नारायण यादव
ससुरा : बलदेव यादव
बाबु : नथु यादव
ना प्र नं.: १६/०१/७१/०१०१६, सप्तरी
ठेगाना : राजविराज १०, सप्तरी

**२) नाम : सुनिता देवी देव (उपाध्यक्ष/जमानीकर्ता)**
पति : शुशिल कुमार देव
ससुरा : बालेश्वर लाल देव
बाबु : कामेश्वर लाल देव
ना.प्र.नं: ९११, सप्तरी
ठेगाना : बोरिया ३, सप्तरी

**३) नाम : राम देवी यादव (सचिब/जमानीकर्ता)**
पति : शम्भु यादव
ससुरा : दरपी यादव
बाबु : रघुनाथ यादव
ना.प्र.नं: १६३०४९/१४३, सप्तरी
ठेगाना : वोरियाँ ६, सप्तरी

**४) नाम : सुश्री उषा कुमारी (कोषाध्यक्ष/जमानीकर्ता)**
बाबु : अबिरलाल चौधरी थारु
पति : भोला चौधरी
ससुरा : खुशीलाल चौधरी
ना.प्र.नं: ९६८४२१६०, सप्तरी
ठेगाना : राजविराज १, सप्तरी

**५) नाम : ममता देवी सदा (सदस्य/जमानीकर्ता)**
पति रामरतन सदा
बाबु : रेशम सदा
ससुरा : सगदेव सदा
ना.प्र.नं: १६१०४९/३३९, सप्तरी
ठेगाना : बोरिया ४, सप्तरी

**६) नाम : राम कुमारी यादब (सदस्य/जमानीकर्ता)**
पति : देव किसुन यादव
बाबु : बेचन यादव
ससुरा : अवधि यादव
ना.प्र.नं: १९९८, सप्तरी
ठेगाना : बोरिया ३, सप्तरी

**७) नाम : अजित नारायण यादब (सदस्य/जमानीकर्ता)**
बाबु : अवधि यादव, बाजे : निचित यादव
ना.प्र.नं: १६/०१/७२/०११६३, सप्तरी, ठेगाना : राजविराज ६, सप्तरी


**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री बलदेव यादवको बुहारी श्री हरिनारायण यादवको श्रीमती सप्तरी जिल्ला राजविराज नं.पा. १० बस्ने बिनिता देवी यादवको नाममा मालपोत कार्यालय राजविराजमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला वोरिया, अगाडी र महदेवा गा.वि.स. वडा नं. ४, ३(क) र ५(ख) को कित्ता नं. क्रमश १४९८, १३५०, ४२९, ३३५ र ५७७ को क्षेत्रफल ०-२-०, ०-१-०, ०-०-११, ०-०-१७.५ र ०-१-१२.२५ जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै राजविराज शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमो बैंकको शाखा कार्यालय राजविराजमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश यर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेका धितोहरुको आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# सरकारी चुक

लगातार तीन दिन परेको अविरल वर्षाको कारण आएको बाढी पहिरोबाट जनधनको ठूलो क्षति भएको छ। जलवायु तथा मौसम विज्ञान विभागले झण्डै हप्ता दिन अगाडिदेखि अलर्ट जारी गरेको थियो। मौसम विज्ञान विभागको चेतावनी वागमती, कोशी प्रदेशमा सत्य सावित भए पनि पश्चिम र मधेश प्रदेशमा थोरै मात्र मेल खायो। सरकारी स्वामित्वको मौसम तथा जलवायु विज्ञान विभागले जारी गरेको अलर्टलाई सरकारले गम्भीरतापूर्वक लिएन। बाढी र पहिरोबाट जोगिन पूर्व तयारी गरिएन। क्षति भइसकेपछि उद्धारको काम थालियो। त्यसमा पनि समन्वयको व्यापक कमी देखियो। सडकमा पहिरो आउने सम्भावना रहे पनि सवारी साधनलाई निर्वाध रुपमा चल्न दियो। परिणाम स्वरुप एकै ठाउमा कयौं सवारी साधन पहिरोमा परे। कयौं यात्रुको ज्यान गयो। काठमाण्डु उपत्यकामा समेत सरकारले समयमै उद्धार गर्न नसक्दा कयौं मानिसको ज्यान गयो। जनधनको क्षति भइरहदा कयौं घण्टा सम्म सरकार निरीह जस्तै देखियो। अलर्ट जारी भइसके पनि सुरक्षाकर्मीहरु अलर्ट थिएन। जोखिमको सूचीमा रहेका सडकहरुको निगरानी गरिएन। बाढी र पानी बढन थालेपनि असुरक्षित स्थलबाट समयमै मानिसलाई सुरक्षित स्थलमा पुऱ्याइने काम भएन। राजधानी काठमाण्डुमा समेत सरकारले समयमै उद्धार र बचाउ कार्य गर्न नसक्दा जनधनको बढी क्षति भएको देखिएको छ। भारी क्षति भइसक्दा सुरु गरिएको उद्धारबाट पनि धेरै मानिसको ज्यान जोगाइएको छ। दुई दिन सम्म मानिस फस्दा पानी कम भएपछि मात्र उद्धार भएको अवस्था देखियो। सरकारले आफ्नै निकायको भविष्यवाणी प्रति विश्वास गरेको देखिएन। समयमै उद्धार र बचाउको कार्य थालिएको भए जनधनको क्षति न्यून गर्न सकिन्थ्यो। संघीय सरकार नै उद्धार र बचाउमा असफल भएपछि प्रदेश सरकार त निरीह बनिरहे। कोशी नदीमा फसेका मानिसहरु आइतबार मात्र सुरक्षित स्थल सम्म पुगे। मन्त्री र नेतालाई तत्काल सेवा दिने सरकारी हेलिकोप्टरहरु उद्धारमा भने समयमै सेवा दिन सकेन। सरकारी संयन्त्रहरुबीच तत्काल हुनुपर्ने समन्वयको अभाव देखियो। सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र नेपाली सेना तीनै निकाय विपत्‌को बेला पूर्ण क्षमताका साथ परिचालन हुनुपर्छ। त्यसका लागि अलर्ट जारी भएदेखि नै समन्वय गरी पूर्व तयारी गर्नुपर्ने थियो। समयमै तयारी नगरिएको कारण बाढी पहिरोबाट भारी क्षति भएको हो। उद्धार र बचाउमा सरकार चुकेकै हो। आगामी दिनमा यस प्रकारको विपद्‌मा तत्काल राहत र बचाउको काम गर्न सक्ने संयन्त्र निर्माण गर्न आवश्यक छ।

## गान्धी जन्म जयन्ती विशेष :

# गान्धी : एक चर्चा



रोशन जनकपुरी

दुई दिनपछि अर्थात् २ अक्टूबरको दिन गान्धीको जन्म जयन्ती पर्छ। सन् १८६९मा २ अक्टूबरको दिन गुजरातको पोरबन्दरमा जन्मेका मोहनदास करमचन्द गान्धी पछि भारतीय राजनीतिको सबैभन्दा ठूलो नाम महात्मा गान्धीको रुपमा प्रसिद्ध भए। भारतमा अँग्रजी साम्राज्यवादी उपनिवेशको विरुद्ध संघर्षको मूख्य नेतृत्वकारी पार्टी तत्कालीन भारतीय राष्ट्रिय कांग्रेस (कांग्रेस) मूख्यतः गान्धीको वैचारिक अगुआईमा सञ्चालित थियो। भारतीय जनताको अथक संघर्षपछि अँग्रेजी साम्राज्यवादी शासकहरु भारत छाडन विवश भयो र अन्ततः मध्यवर्गीय विचारधाराको कांग्रेस पार्टीलाई सत्ता सुम्पेर फर्क्यो। स्वतन्त्रतापछि कांग्रेसका ठूला नेता जवाहरलाल नेहरुको प्रधानमन्त्रित्वमा गठित सरकारले गान्धीलाई भारतमा राष्ट्रपिताको दर्जा दिएर भारतीय समाजमा सर्वोच्च स्थान दियो।


एकजना व्यक्तिले आफ्नो नैतिकता र आदर्शवादी आचरणको बलमा समग्र राजनीतिलाई कसरी प्रभावित गर्नसक्छ र जनतालाई आन्दोलनमा सडकमा उतार्नसक्छ भन्ने उदाहरण हुन् गान्धी। महात्मा र बापू जस्ता उपनामले प्रसिद्ध गान्धीको अहिंसात्मक विचारबाट भारत मात्र होइन, विश्वका अनेकौं चिन्तक र व्यक्तित्वहरु प्रभावित भए।

गान्धी राजनीतिक दर्शनमा अराजकतावादी थिए। कार्ल मार्क्स जस्तै उनीपनि राज्यलाई शोषणको रुप नै मान्दथे। उनको विचारमा व्यक्ति विदेशी होस वा देशी, राष्ट्र र राज्यको सीमाबाट बाहिरिएर सार्वभामिक मानवको चेतनासंग जोडिनु पर्छ। तर समस्या उनको प्रत्ययवादी दार्शनिक चिन्तनमा थियो, जस्ले उनलाई सबै परिणामको निम्ति ईश्वरमा निर्भर हुन प्रेरित गर्थ्यो। उनको यो आदर्शवादी हठवादिता नै अन्ततः उनको हत्याको एउटा अप्रत्यक्ष कारण बन्यो। स्वतन्त्र भारतको पहिलो सरकारमा सरदार वल्लभभाई पटेल गृहमन्त्री थिए। गान्धीको धार्मिक सहिष्णु विचारप्रति हिन्दु महासभा र राष्ट्रिय स्वयंसेवक संघ जस्ता संकीर्ण हिन्दुवादी संगठनहरुको उग्र र असन्तुष्ट अभिव्यक्तिहरुले सुरक्षा सम्वेदनशीलता गम्भीर हुँदैगएको थियो। पटेल गान्धीको प्रार्थनासभामा सामेल हुने व्यक्तिहरुको तलासी गर्न चाहन्थे। तर गान्धीले अस्वीकार गरिदिए। गान्धीको जवाफ थियो : 'कुनैपनि प्रार्थना पुलिसको पहरामा हुनसक्दैन। जबसम्म मेरो रामले मलाई जीवित राख्न चाहन्छ, मलाई कसैले मार्न सक्दैन।' र यसै आदर्शवादिताको फाइदा उठाएर ३० जनवरी १९४७को दिन हिन्दु महासभाको एउटा कार्यकर्ता नाथुराम गोडसेले प्रार्थनासभामा उनलाई गोली ठोकेर हत्या गरिदियो। कस्तो विडम्बना ! जुन हिन्दु ईश्वरको चिन्तनलाई गान्धीले राजनीतिक जटिलताको बीचमा पनि छाडेनन्, चिन्तन र आचरणमा हर क्षण अनुकरण गरिरहे, त्यसै हिन्दुधर्मको एउटा संकीर्ण अनुयायीले उनको हत्या गरिदियो।

अहिले भारतमा संकीर्ण हिन्दुवादी आरएसएसको राजनीतिक मोर्चा भारतीय जनता पार्टीको सरकार छ। हरेक वर्ष गान्धी जयन्तीको दिन गोडसेको विचारधारा निकटको आरएसएसको प्रतिबद्ध कार्यकर्ता तथा भाजपाका सुप्रिमो नेता र प्रधानमन्त्री नरेन्द्र मोदी सहितका नेताहरु गान्धीको तस्वीरमा माल्यार्पण गर्छन्, त्यतिबेला विचित्रको राजनीतिक बिम्ब बन्छ। प्रवृत्तिगतरुपमा छल र छद्मतामा आधारित, यो भारतीय राजनीतिमा फासीवादी बिम्ब हो।

आफ्ना हठवादी प्रत्ययवाद र आदर्शवादिताको कारण भारत स्वतन्त्र भएपछि गान्धीले राजनीतिक सत्तालाई सन्त झै त्याग गरे, र नेहरु र पटेललाई नेतृत्वको रुपमा अगाडी सारे। यसले उनलाई देश र जनतामा लोकप्रिय सन्त र महात्माको श्रेणीमा त पुऱ्यायो, तर गान्धीले नेतृत्व सम्हालेको भए, भारतको राजनीतिक दिशा अर्कै हुने थियो भन्ने बहसलाई पनि बल दियो।

गान्धी दार्शनिकरुमा वस्तुगत प्रत्ययवादी थिए। प्रत्ययवादीले यस सृष्टिको निर्माण र हरेक घटनाको पछाडी एउटा अज्ञात शक्तिको प्रेरणा रहेको मान्छ। यस अज्ञातलाई कसैले ईश्वर, कसैले ब्रह्म, अल्लाह, गौड आदि भन्ने गर्छ। गान्धीको पद्धति ईश्वर र सत्यको तादात्म्यताको सिद्धान्तमा आधारित थियो। उनको विचारमा नैतिक आत्मसुधारको प्रक्रियाको माध्यमबाट सत्यको अवबोध गर्न सकिन्छ। उनका छरिएका नैतिक विचारहरु अहिंसा, प्रेमको नियम, निग्रहको नियम (जैन धर्मबाट प्रेरित), ब्रह्मचर्यको सिद्धान्तहरु र अपरिग्रहमा आधारित छन्।



हुन त गान्धीले राजनीतिक दर्शन र विचारधारासम्बन्धमा कुनै विशेष पुस्तक लेखेनन्। तर उनको आध्यात्मिक चिन्तन् र अहिंसात्मक नैतिक चिन्तनहरुलाई उनक बौद्धिक अनुयायीहरुले गान्धीवादी विचारधाराको रुपमा व्याख्यागरे।गान्धीवादको अभिलाक्षणिकतामा असहयोग र सविनय अवज्ञा सहितको सत्याग्रह सर्वोपरि छ।

गान्धी शोषकवर्गको भावरुपान्तरण गरेर राजनीतिक परिवर्तन गर्न चाहन्थे। उनको यसै आदर्शवादिताको कारण ब्रिटिस साम्राज्यवादी शासकहरुले चलाखीपूर्वक उनलाई आफ्नो अनुकूलतामा प्रयोगगर्न सफल भए। र, यसैको परिणाम थियो कि ब्रिटिस शासकहरुले आफ्नो हित अनुकूल भारतीय आन्दोलनकारी नेतृत्वबीच फूट र साम्प्रदायिक अविश्वास उत्पन्न गराएर भारतलाई दुई टुक्रामा विभाजित गर्न सफल भए। आफ्ना यसै आदर्शवादी र लचकतापूर्ण राजनीतिक प्रवृत्तिको कारण उनी भारतीय पूँजीपति र मध्यवर्गका सबैभन्दा लोकप्रिय नेता थिए। यसै कारण भारतमा ब्रिटिस साम्राज्यवादी शासकविरुद्ध सशस्त्र संघर्ष गरिरहेका भगतसिंह र चन्द्रशेखर आजाद जस्ता क्रान्तिकारीहरु गान्धीका आलोचक थिए। अर्कोतिर गान्धीपनि सशस्त्र आन्दोलन गरिरहेका क्रान्तिकारीहरुका कटु आलोचक थिए।

गान्धी र समाजवादी क्रान्तिकारीबीचको दृष्टिकोणबारे एउटा प्रसंग छ। सन् १९३१तिर कांग्रेसको पत्रिका 'स्वराज'को एउटा लेखमा गान्धीले 'आफूले भारतको आत्मालाई चिनेको, र यो अहिंसक रहेको' लेखे। यस्को जवाफमा एकजना प्रसिद्ध भारतीय क्रान्तिकारी मन्मथनाथ गुप्तले दिएको जवाफ रोचक र महत्वपूर्ण छ। उनले एउटा पत्रिकामा गान्धीको नाम पत्र लेखेर भने : 'गान्धीले चिनेको भारतको आत्मा जीपमा बसेर जहाँसम्म पक्की सडक जान्छ, त्यहीँसम्मको हो। हामी जुन भारतको आत्मालाई चिन्छौं, त्यो पक्की सडक खतम भएपछि शुरु हुने कच्ची सडक र सडक नै नभएको गाउँहरु हो। जहाँ मानिसहरु चीसो रातमा 'घूर' बालेर जाडो धपाउँछन्, त्यसवरिपरी बसेर आफ्नो गरिबी र शहरमा बस्ने देशी धनी जमिन्दारहरु र विदेशी शासकहरुले एकसाथ गर्ने शोषणको कारण खोज्छन्। यस सडकबिनाको भारतको आत्माले सशस्त्रसंघर्षको विकल्प देख्दैन। उसले गान्धी र कांग्रेसलाई पनि अविश्वासको नजरले हेर्छ, जस्ले भारतीय जनताको स्वतन्त्रता अँग्रजी शासकहरुको इच्छा र सदासयता (भावरुपान्तर)मा अपेक्षा गर्छ।'

वस्तुतः मार्क्सवादी र अन्य समाजवादीहरुको विपरीत गान्धी शोषकहरुको सम्पत्तिको राष्ट्रियकरणको विरोधमा थिए र उनले समाजको आमूल परिवर्तनकारी पुनर्गठनको सम्भावनालाई सीधा अस्वीकार गरे। गान्धीको यसै वैचारिक त्रुटिको कारण, ब्रिटिस उपनिवेशकालमा अँग्रेजी शासकहरुको चाटुकारिता गरेर आफ्नो सम्पत्ति र वर्चस्व कायम राख्न सफल, भारतका जमिन्दार र पूँजीपतिहरु स्वतन्त्र भारतमा मध्यवर्गीय विचारधाराको गान्धीको पार्टीको छत्रछायामा रहन अपठ्यारो मानेनन।

गान्धी भारतीय समाजको रुपान्तरको निम्ति आवश्यकताको संवृद्धि होइन, स्वेच्छिक परिसीमिन वा भावरुपान्तरणलाई आवश्यक ठान्थे। त्यसैले उनी हिन्दु-मुस्लिम एकता, अस्पृश्यताको उन्मूलन, नारी स्वतन्त्रता, जनशिक्षाको एकीकृत राष्ट्रिय प्रणालीको वकालत गर्नेगर्थे। तर यी सबै नैतिक आदर्शको पूर्ति उनी कुनैपनि दबाब बिना गर्न चाहन्थे। परिणामतः अँग्रेजी उपनिवेशबाट मुक्त नयाँ राज्यव्यवस्थाको चरित्रमा पनि कुनै निर्णायक परिवर्तन आएन। उही जमिन्दार र पूँजीवादीशक्ति शासकको रुपमा देखिए, र भारतको श्रमजीवि जनता तथा उत्पीडित जनसमुदायको निम्ति यस परिवर्तनले पनि शोषणबाट मुक्तिको आशा जगाउन सकेन।

तथ्यहरुले के देखाउँछ भने यस परिवर्तनबाट गान्धी सन्तुष्ट र खुशी थिएनन्। उनले जमिन्दार र पूँजीपतिहरु उनको विचारबाट प्रभावित भएर भावरुपान्तरित हुने र गरिब र उत्पीडित समुदायको निम्ति उदारहृदयी हुने अपेक्षा राखेका थिए। तर त्यसो भएन।

वस्तुतः आफ्नो आदर्शवादी धारणाको विफलताको कारकपनि उनी आफै थिए। उनको यसै आदर्शवादिताको परिणाम थियो कि भारतको स्वतन्त्रतापछि ब्रिटिस साम्राज्यवादीहरुको योजनामा साम्प्रदायिक एजेन्टहरु भारतलाई धर्मको नाममा विभाजन गर्न सफल भए। हुन त भारत विभाजनको आरोप गान्धीमाथी लगाइन्छ। तर त्यतिबेला, देश फुटाएर सत्तामा हावीहुने चतुर अभिजात्यहरुको षडयन्त्र र योजनामा फैलिएको हिन्दु र मुसलमानबीचको साम्प्रदायिक उन्माद र खुनखराबामा गान्धी दुःखीमनले परिस्थितिमा बग्नु बाहेक केही गर्न सकिरहेका थिएनन्। निर्मम समीक्षा गर्ने हो भने परिस्थितिले गान्धीबाट एउटा नयाँ राजनीतिक संघर्षको माँग गरिरहेको थियो, तर आदर्शवादी सन्त दुःखी रहनु बाहेक अरु केही गर्न सकेनन्। उनी दुःखी थिए, तर स्थिति उनको अनुकूल रहेन, यो नै सत्य हो। १४ अगस्तको दिन पाकिस्तान नयाँ देशको रुपमा उदित भयो। र १५ अगस्तको मध्यरातमा नेहरु र पटेल लगायतका नेताहरु लालकिलाबाट स्वतन्त्र र सार्वभौम भारत देशको रुपमा पहिलो स्वतन्त्रता दिवस मनाईरहँदा गान्धी साम्प्रदायिकताको आगोमा जलीरहेको कलकत्तामा एउटा अँध्यारो कोठामा शान्तिको निम्ति उपवास गरिरहेका थिए। त्यसदिन 'टाइम्स अफ इन्डिया'ले उनीसंग पहिलो स्वतन्त्रता दिवसमा देशको नाममा सन्देश दिन अनुरोध गर्दा उनले भने : 'म भित्रबाट रित्तता अनुभव गरिरहेको छु।' त्यसरी नै बिबिसीको प्रश्नको जवाफमा उनले पन्छ्याउने मनसायले भने : 'दुनियाँलाई भनिदेउ, गान्धीले अँग्रेजी जानेको छैन।' गान्धीको यो दुःख, एउटै देशबाट विभाजित भारत र पाकिस्तान दुबै देशमा स्थायी घाउ बनेर निरन्तर दुःखी रहेको छ।

गान्धीको यस प्रत्ययवादी अहिंसक चिन्तनलाई भारत मात्र होइन, प्रायः संसारभरीका शासकहरु शान्तिको सिद्धान्त भनेर राजनीतिक हतियारको रुपमा प्रयोग गरिरहेका छन्। तर यथार्थमा अहिंसा, आदर्श नारा मात्र छ। संसारभरी राज्यसत्ताको चरित्र हिंसक नै छ, जस्ले स्वाभाविकरुपमा प्रतिहिंसा जन्माइरहेको छ। स्वयं गान्धीको भारतमा समेत गान्धीवादी आदर्शवादको नारा फलाक्दै पूँजीपतिहरु र विभिन्न पार्टीमा फैलिएका एजेन्टहरुले राजनीतिक हिंसाको सहाराले सत्तामाथी कब्जा जमाएर बसेका छन्। यसबारे कतैबाट बहस नै भएन, भइरहेको छैन। वस्तुतः शुरुमै नयाँ भारतीय सत्ता पुरानो शासकवर्ग जमिन्दार र पूँजीपतिवर्गको हातमा जाँदै थियो र भारतीय श्रमजीविवर्गलाई धोका हुँदै थियो, गान्धीले नयाँ दृढ निर्णय लिन सकेनन्। अर्कोतिर क्रान्तिकारीशक्तिले गरेको विरोध पर्याप्त भएन।

तर यति हुँदापनि नैतिक आचरण र दृष्टिकोणप्रति गान्धीको दृढता अद्वितीय थियो। गान्धी जड थिएनन्। कहिल्यै मन्दिर गएनन्, न आफ्नो आश्रममा नै मूर्ति सामू धूपदीप बालेर पूजा नै गरे, तर उनी परम वैष्णव थिए। उनले भारतीय समाजमा विविध संस्कृति र धर्मबीचको ऐतिहासिक सहकार्य र सहिष्णुताबाट जन्मेको सूफी परम्परामा आफ्नो हिन्दु ईश्वरको परिकल्पना गरेका थिए। 'वैष्णवजन तो तेने कहिए, पीर पराई जाने रे' र 'अल्लाह ईश्वर तेरो नाम, सबको सन्मति दे भगवान' जस्ता उनका प्रिय भजनहरुले उनको सहिष्णु र उदार आध्यात्मिकताको बोध गराउँछ। जस्ले तीनजना महिलाबीच एउटा साडी लगाउने विवशता देखेर जीवनभरी एकसरो धोती लगाउने प्रतीज्ञा गर्छ, र जीवनभरी प्रतीज्ञाको पालन गर्छ, त्यो सामान्य मान्छे हुनसक्दैन। कतिसम्म भने सर्वशक्तिशाली ब्रिटेनको राजाको आमन्त्रणमा पनि आधी धोती पहिरेर र आधी ओढेर सहजतापूर्वक विचार विमर्श गर्ने साहस गर्छ। यो गान्धीको सादगी थियो, जस्लाई उनले जीवनभरी निर्वाह गरे।

विचारधारात्मकरुपमा उनमा समस्या भएपनि वैयक्तिक नैतिक आचरणमा उनी संसारभरीमा दुर्लभ उदाहरण थिए। यसैकारण उनका वैचारिक विरोधीहरु समेत उनीबाट प्रभावित थिए।

समाजको आमूलपरिवर्तन र सत्ताविरुद्धको संघर्षको एउटा प्रत्ययवादी धारा विश्वभरी देखिन्छ। यस्ताको निम्ति गान्धी प्रेरक व्यक्तित्व हुन्। विश्वप्रसिद्ध अल्बर्ट आइन्सटाइनको भनाईमा, यस पृथ्वीमा हाड मासुको यस्तो (गान्धी) मानिसपनि थियो भन्ने कुरा शताब्दियौं पछिका मानिसहरुले पत्याउँदैनन्। यसरी नै गान्धीका समकालीन ब्रिटिस प्रधानमन्त्री चर्चिल उनलाई फकीर जादूगर भन्थे, जस्लाई भेटेपछि कोहीपनि प्रभावित नभइ रहन सकिँदैन। विश्वप्रसिद्ध साहित्यकार रोमाँरोलाँदेखी मार्कट्वेन र नेल्सन मन्डेलादेखि जुनियर मार्टिन लूथर किङ्गसम्म उनका प्रशंसक थिए।

त्यसो हो भने वर्तमानमा गान्धीको सान्दर्भिकता के हो ? उनीबाट सिक्ने सत्य, करुणा, प्रेम र मानवीयताको नैतिक र आदर्शवादी आचरण हो। तर समाजको आमूल परिवर्तनको राजनीतिक विचारको निम्ति शोषकवर्गसंग निरन्तर संघर्ष र उत्पीडितवर्ग र उत्पीडित जनसमुदायको अधिनायकत्वको राज्यव्यवस्थाको सिद्धान्त नै अपनाउनु पर्ने हुन्छ। शान्ति र अहिंसा कुनै निरपेक्ष प्रत्ययवादी अवधारणा होइन। यस्को निम्ति भौतिक आधार निर्माण गर्नुपर्छ, र यो क्रान्तिबाट मात्र सम्भव छ।

# पहिरोको जोखिम र बढ्दो सवारी दुर्घटना



प्रा विशालनाथ उप्रेती

नेपालमा सवारीसाधनको सङ्ख्या साढे चार लाखभन्दा बढी पुगिसकेको छ। त्यसैगरी सवारीसाधनको भित्रिने क्रम प्रत्येक वर्ष १० देखि १७ प्रतिशतका दरले वृद्धि भइरहेको छ। यस्तो अवस्थामा सवारीसाधन बढ्दै जाने तर सडकको अवस्था दयनीय रहँदा सवारी दुर्घटनामा बढोत्तरी हुने गर्दछ। नेपालमा सडक विस्तारको क्रम तीव्र छ। हाल देशको कूल सडक सञ्जाल करिब ६४ हजार ५०० किमी रहेको छ। त्यसमा १३ हजार ५०० किमी राजमार्गमा पर्दछ। अन्य देशको तुलनामा सडकको घनत्व पनि निकै कम छ। यहाँ १४ किमी प्रतिसय वर्ग किमी (०.९ किमी) रहेको छ।

### दुर्घटनाको यस्तो छ तथ्याङ्क

नेपालको सडक विपद्‌को दृष्टिले निकै उच्च जोखिममा रहेको छ। सडकको दुरावस्थाले प्रकोपले भन्दा बढी मानिस मरिरहेका छन्। विश्व स्वास्थ्य सङ्गठनको सन् २०१८ को तथ्याङ्कअनुसार यहाँ वर्षमा एक लाख मानिसमा १६ जनाको सडक दुर्घटनामा मृत्यु हुने गरेको छ। यहाँ दर्ता भएका एक लाख सवारीसाधनमध्ये वर्षेनि ४५० वटा दुर्घटनामा पर्दछन्। नेपाल प्रहरीको २०१९ को तथ्याङ्कअनुसार सन् २०१६ मा १६ हजारवटा सडक दुर्घटना हुँदा दुई हजार ३८४ जनाको मृत्यु हुने गर्दछ भने चार हजार २५० जना शक्त घाइते र आठ हजार २९० जना सामान्य घाइते भएका थिए। सन् २०१९ मा १३ हजार वटा सडक दुर्घटना भएकामा दुई हजार ७३६ जनाको ज्यान गएको थियो भने १० हजार ७३१ जना सख्त घाइते भएका थिए। सन् २०२० मा सडक दुर्घटनाबाट चार हजार ६६५ जनाको मृत्यु भएको थियो।

विश्व स्वास्थ्य सङ्गठनको अनुसार जापानको तुलनामा नेपालमा बस, कार, ट्रकको दुर्घटना हुँदा यात्रुको मृत्यु हुने सम्भावना सय गुणाभन्दा बढी रहन्छ। यो संख्या छिमेकी मुलुक भारतको तुलनामा १० गुणा बढी हो। अन्य देशको तुलनामा दुर्घटनापछि बाँच्ने सम्भावना नेपालमा निकै कम रहेको छ। नेपालमा एक लाख सवारीमा एक हजार ६७७ वटा दुर्घटना हुने गर्दछ भने भूटानमा ३०६, भारतमा १००, चीनमा ३६ र जापानमा सातवटा मात्र दुर्घटना हुने गर्छ। सन् २००७/८ अघिसम्म वर्षमा पाँच हजारभन्दा कमै सवारी दुर्घटना हुन्थ्यो भने २०१७/१८ मा आइपुग्दा यो सङ्ख्या दोब्बरले बढेको देखिन्छ। सन् २०२४ मा यो सङ्ख्या झनै बढी रहेको पाइन्छ। नेपालजस्तो सानो मुलुकमा सवारी दुर्घटनाकै कारण यति ठूलो सङ्ख्यामा मानिसको ज्यान गुमाउनु सामान्य विषय हुन सक्दैन। दुर्घटनामा निर्दोष नागरिकले अकालमा मृत्युवरण गर्नुपरेको, कति अपाङ्ग जीवन बाँच्न बाध्य छन्, धनजनको क्षति त्यत्तिकै छ।

नेपालमा मनसुनको बेला बाढी, पहिरोसँगै सवारी दुर्घटना पनि बढी हुने गरेको छ। मनसुनसँग विपद् प्रत्यक्ष जोडिएको छ। हाम्रो सडकको अवस्था राम्रो छैन। सडकको चौडाइ र निर्माण गर्दा मापदण्डअनुसार छैन। त्यस्तै धेरैजसो सडकको बनावट निर्माण गर्नुअघि भौगर्भिक अध्ययनअनुसार गरिएको छैन। भौगर्भिक अध्ययनका लागि लाग्ने खर्चलाई हिच्किचाउने गरिन्छ। केही वर्ष अघिसम्म सडक बनाउँदा जथाभावी विस्फोट गरी बनाउने गर्दा त्यसले पछिसम्म पनि सडकको दायाँबायाँ पहिरो जाने गर्दछ। यसको उदाहरण नारायणगढ-मुग्लिन सडकलाई हेर्न सकिन्छ। यहाँ जति नै खर्च गरेर मर्मत गरिए पनि दिगो रुपमा पहिरो रोकथाम हुन सक्दैन।

मानिस भौतिक सुविधामुखी भएकाले गर्दा जहाँ कुनै सडकको अपरिहार्यता छैन, त्यहाँ पनि सडक निर्माण गर्ने होड चलेको छ। अहिले स्थानीय तहले निर्माण गरेका ग्रामीण सडक पहिरोको उच्च जोखिममा रहेका छन्। यसो हुनुको मुख्य कारण भौगर्भिक इन्जिनियरिङ अध्ययन नगरी डोजरको ड्राइभरले जथाभावी सडक खन्दा यो समस्या आएको हो। गाउँगाउँमा सडक पुग्नु राम्रो हो तर इन्जिनियरिङ तरिकाले नबनाई गाउँ माथि सडक खन्ने र तल बस्ती रहँदा पहिरो गई घरहरु पुर्ने गरेको छ।

नेपालको हिमाली क्षेत्र भौगर्भिक हिसाबले निकै कमजोर छ। लामो भिरालो पहाडको फेदमा सडक निर्माण गर्दा पहिरो आउने सम्भावना उच्च रहन्छ। वर्षा धेरै हुने देशहरुमध्ये नेपाल पनि पर्दछ। विगत ५०/६० वर्षको तथ्याङ्कलाई हेर्दा महाभारत शृंखलाको उत्तर र दक्षिणमा धेरै पानी परेको पाइन्छ। बङ्गालको खाडीबाट आउने मनसुन महाभारतको दक्षिणमा ठोकिन्छ र त्यहाँ धेरै पानी पर्छ। सन् १९९० मा ४५० मिलिमिटरभन्दा बढी पानी पर्दा यस क्षेत्रमा ठूलो बाढी पहिरो गई निकै नोक्सानी गरेको थियो। यसै वर्षको मनसुनमा चाँदनी दोधारा क्षेत्रमा झन्डै ६०० मिलिमिटर पानी परेको थियो भने अघिल्लो साता काठमाडौं उपत्यकामा २०० मिलिमिटरभन्दा बढी वर्षा हुँदा ठूलो जनधनको क्षति भएको थियो। मुग्लिन-नारायणगढ, नागढुङ्गा-मुग्लिन र त्यहाँबाट पोखरासम्म भएको भीषण वर्षाका कारण सवारी दुर्घटनाबाट धेरैको ज्यान गएको छ।

### सडक सुरक्षाका लागि सुरुङ मार्ग

मुग्लिन-नारायणघाट सडकको झन्डै ३० किलोमिटर महाभारतमा पर्दछ। यो क्षेत्रमा बर्सेनि पहिरोको कारण धेरै सवारी दुर्घटनाहरु हुने गरेको छ। मर्मतसम्भारका लागि बर्सेनि अर्बौं रुपैयाँ खर्च हुँदा पनि पहिरो रोकथाम हुन सकेको छैन। यो समस्याको दिगो समाधानका लागि दुई-तीन किलोमिटरका दुई-तीनवटा सुरुङ निर्माण गर्नै पर्छ। जापान सरकारले बनाएको बनेपा-बर्दिवास सडक निकै महँगो सडक हो। यो सडक पनि पहिरोको उच्च जोखिममा रहेकाले ठाउँठाउँमा सुरुङ बनाउनु आवश्यक छ। यस सडकमा कम्तीमा दुईवटा सुरुङ निर्माण गर्न सकिएमा पहिरोको जोखिमबाट बच्न सकिनाका साथै यात्राको समय पनि झन्डै आधा घट्छ। यात्राको समय घट्नु भनेको इन्धनको खपत पनि कम हुनु हो।

नेपालको तराईबाट पहाडी जिल्ला जोड्ने अधिकांश सडक चुरे र महाभारत शृङ्खला पार गरेर जाने हुँदा सामान्य वर्षामा पनि पहिरोको जोखिम रहने गरेको छ। ती सडकहरुमा सुरुङ निर्माण गर्न सकिएमा पहिरोको जोखिम कम हुनाका साथै तराई र मध्यपहाडी जिल्लाहरुबीचको दूरी निकै नै कम हुन जान्छ। २५-३० वर्षअघिसम्म सुरुङ मार्ग बनाउने कुरा निकै कठिन र खर्चिलो मानिन्थ्यो। स्वयम् इन्जिनियरहरु पनि यसको पक्षमा थिएनन्। तर अहिले विश्वव्यापी रुपमै प्रविधिको विकाससँगै सुरुङ मार्गलाई निकै सुरक्षित र कम खर्चिलो मान्न थालिएको छ।

बुटबल-पाल्पा, धरान-धनकुटा सडकमा पनि सुरुङ निर्माण गर्नुपर्ने देखिन्छ। भीमदत्त राजमार्गको भासु पहाडमा पनि सुरुङ निर्माण गर्न सकिन्छ। तत्कालीन राजा महेन्द्रको पालामा निर्माण भएको ललितपुरको टीकाभैरव-हेटौंडाको कान्ति राजपथ पहिरोको उच्च जोखिममा रहेको छ। महाभारत शृङ्खलामा रहेको यो सडक हरेक वर्ष बर्खायाममा पहिरोको जोखिम हुने गरेको छ। यस खण्डमा रहेका दुईवटा ठूला पहिराको जोखिमबाट बच्न एउटा ५०० मिटर र अर्को २०० मिटरको सुरुङ निर्माण गर्नुपर्ने देखिन्छ। ५०० मिटरसम्मको सुरुङ मार्गमा भेन्टिलेसन र बत्तीको आवश्यकता पनि पर्दैन। यस्ता सुरुङहरु दुई-तीन महिनामै तयार हुन सक्दछ।

हरेक सडक बनाउँदा भौगर्भिक अध्ययन गर्नुपर्दछ। हाम्रो जस्तो हिमालय क्षेत्रको भूगर्भ अन्य देशसँग मेल खाँदैन। हाम्रोजस्तो पहाडी मुलुकमा सडक निर्माण गर्दा सुरुङलाई नै प्राथमिकता दिनुपर्छ। नर्वे, जापान जस्ता देशहरुका अहिले कुल सडक ६० प्रतिशतभन्दा बढी सुरुङ, ३० प्रतिशत जति पुल र बाँकी खुला सतहमा रहेको छ। चीन, भारतलगायत देशहरुले पछिल्लो समय सुरुङ मार्गमा व्यापक जोड दिएका छन्।

सुरुङमा हुने खर्च भनेको एकपटक गरिने खर्च भएकाले दिर्घकालीन रुपमा त्यति महँगो हुँदैन। एउटा पहिरोको रोकथाम गर्न करोडौं रुपैयाँ खर्च गर्दा पनि दिगो रोकथाम हुन सक्दैन। यसले सडक सुरक्षा र दिगो सञ्चालन एवं जनधनको क्षति हुनबाट रोक्न सकिन्छ। सडक विस्तार गर्ने क्रममा जथाभावी पहाड काट्नुभन्दा सुरुङ वा पुलहरुको निर्माणमा ध्यान दिनु बुद्धिमानी हुन्छ।

नेपाल पनि सुरुङ निर्माणको युगमा प्रवेश गरेको छ। जलविद्युत् आयोजनाहरुम झन्डै २०० किलोमिटर सुरुङ निर्माण भइसकेको छ। नागढुङ्गा-सिस्ने सुरुङमार्गले नेपालको सडक यातायातमा नयाँ आयाम थपेको छ। तराई मधेस द्रुत मार्गमा निर्माण भएका सुरुङले काठमाडौं-तराई बीचको दूरी मात्र कम गरेको छैन, सडक सुरक्षामा पनि ध्यान दिएको छ। यद्यपि, यो क्षेत्र चुरे र महाभारत शृङ्खलामा पर्ने भएकाले कतिपय ठाँउमा पहिरोको जोखिम रहेको छ। त्यस्ता ठाउँहरुमा भेटिभर जस्ता वनस्पतिहरुको प्रयोग गरी बायोइन्जिनियरिङबाट पहिरो रोकथाम गर्न सकिन्छ। तर विडम्बना, मुख्य जिम्मेवारी रहेको सडक विभागमा एकजना पनि भू-गर्भविद् र भू-प्राविधिकको दरबन्दी छैन। परामर्शदातामार्फत सडक विभागले सेवा लिने गरे तापनि विज्ञ सेवा प्राप्त गर्न सकेको छैन। (वरिष्ठ भूगर्भविद् उप्रेतीसँग गरिएको कुराकानीमा आधारित)

# प्रस्तावित प्रधान न्यायाधीश राउतको संसदीय सुनुवाइ बुधबार



काठमाण्डु । सङ्घीय संसद् संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा प्रस्तावित वरिष्ठतम् न्यायाधीश प्रकाशमानसिंह राउतको आगामी बुधबार संसदीय सुनुवाइ गर्ने भएको छ ।

समितिको सोमबारको बैठकले प्रधानन्यायाधीशमा प्रस्तावित राउतका सम्बन्धमा उजुरीकर्ताहरूसँग मंगलबार छलफल गर्ने निर्णय गरेको हो। उहाँविरुद्ध ६ वटा उजुरी परेका छन् ।

**समितिको सोमबारको बैठकले प्रधानन्यायाधीशमा प्रस्तावित राउतका सम्बन्धमा उजुरीकर्ताहरूसँग मंगलबार छलफल गर्ने निर्णय गरेको हो ।**

गत भदौ ३१ गतेको संवैधानिक परिषद्को बैठकले प्रधानन्यायाधीशमा राउतको नाम सिफारिस गरी संसदीय सुनुवाइका लागि समितिमा पठाएको थियो ।समितिले बेल्जियम र अस्ट्रेलियाका लागि प्रस्तावित राजदूतद्वय सेवा लम्साल र चित्रलेखा यादवविरुद्धका उजुरीकर्तासँग पनि भोलि नै छलफल गर्दैछ । उहाँहरूविरुद्ध दुईवटा उजुरी परेका छन् ।

समितिको यही असोज ३ गतेको बैठकले प्रस्तावित प्रधानन्यायाधीश राउतसँगै बेल्जियम र अस्ट्रेलियाका लागि प्रस्तावित राजदूतविरुद्ध उजुरी माग गर्ने निर्णय गरेको थियो। समितिले सोमबार उजुरी खोलेर समितिका सदस्यहरूलाई अध्ययनका लागि वितरण गरेको छ ।बैठकमा प्रस्तावित प्रधानन्यायाधीश राउत र प्रस्तावित राजदूत यादवको कार्ययोजनासमेत अध्ययनका लागि सदस्यहरूलाई उपलब्ध गराएको छ ।

बेल्जियमका लागि प्रस्तावित राजदूत लम्सालको भने कार्ययोजना प्राप्त हुन बाँकी छ ।

यस्तै, समितिले सर्वोच्च अदालतमा प्रस्तावित न्यायाधीशद्वय नृपध्वज निरौला र नित्यानन्द पाण्डेका सम्बन्धमा सार्वजनिक उजुरी आह्वान गर्ने निर्णय पनि गरेको छ । न्याय परिषद्ले निरौला र पाण्डेलाई गत शुक्रबार सर्वोच्च अदालतको न्यायाधीशमा नाम सिफारिस गर्दै संसदीय सुनुवाइका लागि समितिसमक्ष सूचना पठाएको थियो ।रासस

## मन्त्री सुडीद्वारा उद्धार, राहत र पुनःस्थापनका लागि आग्रह

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवल किशोर साह सुडीले बाढीपहिरो र डुबानमा परेकालाई तत्काल उद्धार, राहत र पुनःस्थापनामा सहयोग पुर्‍याउन गैरसरकारी सङ्घसंस्थाहरुलाई आग्रह गर्नुभएको छ ।

समाज कल्याण परिषद्का अध्यक्षसमेत् रहनुभएका सुडीले अविरल वर्षासँगै आएको बाढीपहिरोबाट भएको मानवीय तथा भौतिक क्षतिको उद्धार तथा राहतमा जुट्न गैरसरकारी संस्थाहरुलाई आग्रह गर्नुभएको हो ।

मन्त्री सुडीले आइतबार आकस्मिक बैठक आयोजना गरी मुलुकमा पछिल्लो केही दिनयता




अकल्पनीय विपद्को सामना गर्नुपरेको बताउनुभयो । विगतमा बाढी नआउने क्षेत्रमासमेत बाढीपहिरोको समस्या देखिएकाले उहाँले यसपटक काठमाडौँले ठूलो बाढीको सामना गर्नुपरेको बताउनुभयो । "यसपटक निकै विकराल अवस्था देखिएको छ, धनजनको क्षति ठूलो मात्रामा भएको छ, क्षतिको पूर्ण विवरण आउन बाँकी छ", मन्त्री सुडीले भन्नुभयो । जिल्लामा विपद् व्यवस्थापनको जिम्मेवारी जिल्ला प्रशासनलाई दिइएकाले उनीहरूमार्फत दोहारो नपर्ने गरी योगदान गर्न उहाँले निर्देशन दिनुभयो ।रासस

# प्रधानमन्त्री ओली स्वदेश फिर्ता



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्रसङ्घको ७९औं महासभामा सहभागी भई सोमबार अपरान्ह स्वदेश फर्कनुभएको छ ।

प्रधानमन्त्री ओली स्वदेश फर्कनेक्रमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ठ कक्षमा उहाँलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ठ कक्षमा सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, उपप्रधानमन्त्रीद्वय विष्णुप्रसाद पौडेल र प्रकाशमान सिंहले स्वागत गर्नुभएको थियो ।

त्यस अवसरमा मन्त्रीगण, सरकारका उच्च अधिकारी, सुरक्षा निकायका प्रमुखलगायत हुनुहुन्थ्यो ।

सो अवसरमा नेपाली सेनाको एक टुकडीले प्रधानमन्त्री ओलीलाई सम्मान गारत अर्पण गरेको थियो ।

प्रधानमन्त्री ओली संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा भएको संयुक्त राष्ट्रसङ्घ महासभाको ७९औं अधिवेशनमा भाग लिन यही असोज ४ गते नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै अमेरिका जानुभएको थियो । न्यूयोर्कमा रहँदा प्रधानमन्त्री ओलीले महासभालाई यही असोज १० गते सम्बोधन गर्नुभएको थियो ।

महासभाका क्रममा यस वर्ष 'कोही पनि पछाडि नछोडिनेः वर्तमान र भावी पुस्ताका लागि शान्ति, दिगो विकास र मानव मर्यादाको विकासका लागि मिलेर काम गर्ने' भन्ने विषयमा केन्द्रित भई छलफल भयो । न्युयोर्क रहँदा प्रधानमन्त्री ओली महासभाको साधारण बहसको उद्घाटनसत्र र अमेरिकाका राष्ट्रपति जो बाइडेनले आयोजना गर्नुभएको स्वागत समारोहमा सहभागी हुनुभयो । उहाँले अति कमविकसित देशहरूको सम्मेलन र 'एन्टिमाइक्रोबियल' प्रतिरोध विषयक उच्चस्तरीय बैठकलाई सम्बोधनसहित विभिन्न कार्यक्रममा सहभागी हुनुभयो । उहाँले भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस तथा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसहितका आफ्ना समकक्षीसँग भेटघाट गरी द्विपक्षीय वार्ता गर्नुभयो ।

प्रधानमन्त्री ओलीका साथमा उहाँकी धर्मपत्नी राधिका शाक्य, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णुप्रसाद रिमाल, परराष्ट्रसचिव सेवा लम्साल र नेपाल सरकारका वरिष्ठ अधिकृत हुनुहुन्छ ।रासस

# प्रभावकारी रुपमा बजार अनुगमन गर्न मन्त्री भण्डारीको निर्देशन



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विपद्जन्य अवस्थाको फाइदा उठाउँदै पर्वको मुखमा महङ्गी, कालोबजारी र कृत्रिम अभाव सिर्जना हुनसक्नेतर्फ सचेत हुँदै मातहतका निकायलाई कडाइ गरेर प्रभावकारी रुपमा बजार अनुगमन गर्न निर्देशन दिनुभएको छ । उहाँले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेललाई मन्त्रालयमै डाकेर पछिल्लो विपद्को फाइदा उठाउँदै बजारमा हुने ठगी नियन्त्रणमा निर्मम भएर देशव्यापी रुपमा अनुगमन गर्न निर्देशन दिनुभएको हो ।

"बजारबाट हामीलाई पनि विभिन्न माध्यमबाट दिनहुँ महङ्गी, कालोबजारी र कृत्रिम अभावसम्बन्धी जानकारी प्राप्त भइरहन्छ, ती सूचना पनि यहाँबाट विभागलाई प्राप्त होला, तर विभागले देशभरका मातहतका निकायलाई सक्रिय बनाएर अनुगमनलाई तीव्रता दिनुपर्छ", मन्त्री भण्डारीले भन्नुभयो ।

साथै उहाँले मन्त्रालयबाट अनुगमनका लागि विभागलाई गर्नुपर्ने सहयोगमा कमी नहुने बताउनुभयो ।

यस्तै, मन्त्री भण्डारीले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रमेश आचार्य र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठलाई चाडपर्वलाई लक्षित गरेर सञ्चालनमा ल्याइएका सुपथ मूल्य पसल सर्वसुलभ बनाउन निर्देशन दिनुभएको उहाँका स्वकीय सचिव आनन्द भट्टले जानकारी दिनुभयो ।

वाणिज्य मन्त्रालय मातहतका उक्त व्यापारिक संस्थालाई उपभोक्तामुखी भएर अत्यावश्यक दैनिक उपभोग्य सामानको मौज्दात बढाउन मन्त्री भण्डारीले द्वय प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन दिनुभयो ।

उहाँले भन्नुभयो, "उपभोक्ताले सर्वसुलभरुपमा अत्यावश्यक दैनिक उपभोग्य वस्तु पाउनुपर्‍यो, सुपथ मूल्य पसल व्यवस्थित बनाउनु होला, पसल थप सञ्चालन गर्नुपर्ने भए त्यो पनि गर्नुस्, न्यूनतम मौज्दात कायम जुनसुकै हालतमा पनि हुनुपर्छ, मन्त्रालयले के सहयोग गर्नुपर्छ जानकारी गराउनूस् ।

" साथै मन्त्री भण्डारीले नेपाल आयल निगमका चण्डीकाप्रसाद भट्टलाई एलपी ग्यासको आवश्यक मौज्दात बढाउन निर्देशन दिनुभयो ।

यसैबीच, होटल सङ्घ नेपालले निराधार रुपमा आफूखुसी कुनै सम्झौता नै नगरेको विषयमा प्रचारबाजी गरेकामा मन्त्री भण्डारीको सचिवालयले आपत्ति जनाएको छ । "होटल सङ्घसँग अनुगमन नगर्ने कुनै सहमति भएको छैन, बरु केही होटलहरुले अधिकतम खुद्रा मूल्यभन्दा बढीमा अत्यावश्यक वस्तुको बेचबिखन गरिरहेका सूचना प्राप्त भएका छन्, अनुगमनलाई मन्त्रीज्यूले कडाइ गर्न निर्देशन गरिसक्नुभएको छ", मन्त्री भण्डारीका स्वकीय सचिव भट्टले भन्नुभयो ।

यस्तै, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग राज्यका प्रचलित कानुनबमोजिम नियमित बजार अनुगमन गर्ने कामलाई निरन्तरता दिँदै गुणस्तरीय वस्तुको उचित मूल्यमा सुलभ आपूर्तिको सुनिश्चितताका लागि हरदम प्रयत्नशील रहिरहेको जनाएको छ ।

विभागका प्रवक्ता डिकबहादुर काकीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, "विभागले वर्षेभर गर्ने नियमित बजार अनुगमनका अतिरिक्त चाडपर्व लक्षित विशेष अनुगमनलाई अझ सशक्त र प्रभावकारी बनाएको, सार्वजनिक बिदामा समेत अनुगमन टोली परिचालन गरिएको र होटल तथा रेष्टुरेन्टलगायत सबै व्यापार व्यवसायमा विशेष अनुगमन गरिँदै आएको र यसलाई अझ सशक्त बनाइने व्यहोरा सबै सरोकारवालालाई जानकारी गराइन्छ ।"रासस

# बाढीपहिरो र डुबान प्रभावितलाई तत्काल राहत प्रदान गर्न अध्यक्ष नेपालद्वारा माग

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले अविरल वर्षाबाट प्रभावितलाई उद्धार, राहतमा थप क्रियाशील हुन आफ्ना स्थानीय तहका पार्टीपङ्क्तिलाई आह्वान गरेको छ ।

पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले अविरल वर्षापछि बेपत्ता भएकाको यथाशीघ्र खोजीका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकार तथा स्वयंसेवक संस्थासँग समन्वय गरेर काम गर्न नेता कार्यकर्ता सबैलाई विशेष अपिल गर्नुभएको छ । अध्यक्ष नेपालद्वारा आइतबार जारी विज्ञप्तिमा बाढीपहिरो र डुबानले देशका विभिन्न भागमा नागरिकको ज्यान गएको, नागरि सम्पर्कविहीन भएका र घाइते भएका जनाउँदै प्राकृतिक विपदबाट नागरिकका घर क्षतिग्रस्त भएका तथा भौतिक सम्पत्ति नष्ट हुँदा पार्टीलाई मर्माहत तुल्याएको उल्लेख गर्नुभएको छ ।

विज्ञप्तिमा उहाँले बाढी पहिरोमा बेपत्ता भएकाहरूको यथाशीघ्र खोजीका लागि स्थानीय, प्रदेश र सङ्घी सरकारसंग आग्रह समेत गर्नुभएको छ। विज्ञप्तिमा प्राकृतिक विपद्मा परी ज्यान गुमाएका सम्पूर्ण नागरिकमा श्रद्धाञ्जलि तथा शोक सन्तप्त परिवार र आफन्तजनमा समवेदना प्रकट गर्नुभएको छ । बाढीपहिरो र डुबान प्रभावितका नागरिकहरूको उद्धार तथा बिचल्लीमा परेकाहरूको बस्ने र खाने व्यवस्था मिलाउन, घाइतेको निःशुल्क उपचारको व्यवस्था मिलाउन, अवरुद्ध सडकको तत्काल मर्मतसम्भार गर्न उहाँले सरकारसँग माग गर्नुभएको छ ।

उहाँले विज्ञप्तिमार्फत सम्भावनालाई जोखिमलाई मध्यनजर गर्दै आवश्यक सतर्कता अपनाउनसमेत सबैमा अनुरोध गर्नुभएको छ ।रासस

## जनकपुरधाम उप–महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम, धनुषा
### मधेश प्रदेश, नेपाल

## बोलपत्र आव्हान को १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मितिः–२०८१/६/१५**

यस जनकपुरधाम उपमहानगरपालिकाको स्वामित्वमा रही रेखदेख, मर्मत र संभार तथा ठेक्का बन्दोबस्त गरी संरक्षण र सदुपयोग गर्दै आएका तपसिल बमोजिमका पोखरीको पानीमा हुने बाली नगर कार्यपालिकाको निर्णय बमोजिम ठेक्का बन्दोबस्त गर्नुपरेको हुँदा तपसिल बमोजिमको शर्त एवं बन्देजको अधिनमा रीतपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न १५ (पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको छ ।

१. ठेक्का अवधी ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले ५ (पांच) वर्षको हुनेछ ।
२. धरौटी बापत रकम यस कार्यालयको रा.वा.बैंक,जनकपुरधाम (भानु चौक शाखा) मा रहेको धरौटी खाता नं. १२२०१००३०३००००७ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
३. रित नपुगेको, केरमेट भएको, सहिछाप नभएको र म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
४. बोलपत्र मिति २०८१/६/२९ गते दिन को ५ (पाँच) बजे सम्म नेपाली नागरिकताको प्रतिलिपी र स्थायी लेखा दर्ता नम्बर (PAN), आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत निवेदन साथ राखी खरीद गर्न सकिनेछ ।
५. बोलपत्र फारम भर्दा आफुले सकार गरेको रकम अंक तथा अक्षरमा समेत स्पष्ट रुपले उल्लेख गरी बोलपत्र फारम खाम भित्र राम्ररी बन्द गरी सिल लाहाछाप लगाई खाम बाहिर यस कार्यालयको नाम र आफ्नो नाम, ठेगाना र पोखरीको नाम समेत बोलपत्र फारममा स्पष्ट उल्लेख गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
६. बोलपत्र मिति २०८१/६/३० गते दिनको १२.०० बजे सम्म दर्ता गरिसक्नुपर्नेछ । दर्ता हुन आएको बोलपत्रहरु सोही दिन को २.०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र खोलिने बखत बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ । उपस्थित नरहेमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।
७. बोलपत्र स्विकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. बोलपत्र स्विकृत भएको सूचना पाएपछि सो सूचनामा उल्लेखित म्याद भित्र ठेक्का करारनामा नगरी चलनपुर्जि नलिएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी अर्को बन्दोबस्त गरिनेछ ।
९. कबुल अंक बराबरको रकम पांच किस्तामा बुझाउनुपर्नेछ, जसमा पहिलो किस्ता रकम पट्टा उठाउनु पुर्व र अन्य किस्ता रकम बराबरको बैंक ग्यारेण्टी राखी वा पहिलो किस्ता नगदी तथा दोश्रो किस्ता बराबरको बैंक ग्यारेण्टी, अर्को वर्षमा चालु किस्ता नगदी, आउने अघिल्लो वर्षको बैंक ग्यारेण्टी गरी प्रत्येक वर्षको किस्ता प्रतिवर्ष बुझाउनु पर्नेछ वा चार किस्ता बराबरको रकमको दोब्बर मूल्यको धनजमानी बुझाउनु पर्नेछ । मालपोत कार्यालयबाट रोक्का पत्र आएपछि मात्र ठेक्का सम्झौता (करारनामा) हुनेछ र सो म्याद भित्र किस्ता रकम नबुझाएमा कार्यालयले ठेक्का तोडी अर्को व्यवस्था गर्न सक्नेछ ।
१०. कार्यालयको करारनामामा उल्लेखित म्याद अनुसार ठेकेदारले ठेक्का संचालन गर्नुपर्नेछ ।
११. पोखरी र सो को पानी तथा डिलहरुको संरक्षण सम्झौता अवधी सम्म ठेकेदारले नै गर्नुपर्नेछ । पोखरीको पानी सार्वजनिक सदुपयोगमा प्रतिकुल असर नपर्ने गरी ठेकेदारले संचय गरी राख्नु पर्नेछ ।
१२. कार्यालयले समय समय मा दिईने निर्देशन तथा आदेशहरु ठेकेदारले तदारुकता साथ पालन गर्नुपर्नेछ ।
१३. ठेकेदार र कार्यालय बिच कुनै किसिमको मतभिन्नता भएमा कार्यालयको निर्णय मान्य हुनेछ ।
१४. सूचनामा उल्लेखित पोखरीहरुको बोलपत्र फाराम छुट्टाछुट्टै खरीद गरि छुट्टाछुट्टै दर्ता गराउनुपर्नेछ ।
१५. बोलपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गराउने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ ।

| सि.नं. | पोखरीको नाम | वडा नं. | न्यूनतम अंक | कबुल अंक को धरौटी | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | साहु पोखरी | २० | २२२१०००/- | ५% | ३०००/- |
| २. | नवकी पोखरी | २० | १४१००००/- | ५% | १०००/- |
| ३. | उसराही पोखरी | २० | २७८००००/- | ५% | ३०००/- |
| ४. | बुढिया पोखरी | २० | १२५५०००/- | ५% | १०००/- |
| ५. | नोचा पोखरी | २० | २६५५०००/- | ५% | ३०००/- |
| ६. | भैरव स्थान पोखरी | २० | १८७५०००/- | ५% | १०००/- |
| ७. | चितही पोखरी | १५ | ६०००००/- | ५% | १०००/- |
| ८. | सिंगरहिया पोखरी | १५ | १००००००/- | ५% | १०००/- |
| ९. | नोचा पोखरी | १५ | ४०५०००/- | ५% | १०००/- |
| १०. | पुर्नी पोखरी | १५ | १२६००००/- | ५% | १०००/- |
| ११. | ओझाईन पोखरी | १२ | १३०५०००/- | ५% | १०००/- |
| १२. | चभचा पोखरी | १२ | ७५००००/- | ५% | १०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# के इजरेली सेनाले लेबननी भूमिमा धावा बोल्ला, सम्भावित परिदृश्य कस्ता छन्

बीबीसी

काठमाण्डु।इजरेलले लेबननको लडाकु समूह हिज्बुल्लाहका नेता हसन नस्रल्लाहको हत्या गरिदिएपछि विद्यमान तनाव चुलिएको छ। यो घटनाबाट उक्त क्षेत्रमा द्वन्द्व अझ चर्किन सक्ने र त्यसमा अमेरिका तथा इरान पनि तानिन सक्ने आकलन गरिएको छ

हिज्बुल्लाहका नेतामाथि घातक आक्रमण गर्नु केही दिनअघि इजरेली सेनाका प्रमुखले लेबननमा आफ्नो फौज प्रवेश गर्ने सम्भावना रहेको भन्दै त्यसको तयारीका लागि अहिले त्यहाँ हवाई आक्रमण गरिएको बताएका थिए।

“तपाईँहरूले आकाशमा जेटहरू उडेको सुन्नुहुन्छ। हामीले पूरै दिन आक्रमण गरिरहेका छौँ। यो तपाईँहरूको सम्भावित प्रवेशको तयारीलाई सजिलो बनाउन र हिज्बुल्लाहलाई तहसनहस पार्न दुवै उद्देश्यले गरिएको हो,“ हेर्स्ट्सी हालेभीले आफ्ना सैनिकहरूलाई सम्बोधन गर्दै भने। अहिले चुलिएको तनावले १८ वर्षअघि दुई देशबीच भएको लडाइँको स्मरण गराइदिएको छ। त्यस बेला लेबननको भूमिमा इजरेली सेनाले स्थल कारबाही थालेपछि निरन्तर हवाई आक्रमण पनि गरेको थियो। सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरेलमा ठूलो क्षति हुने गरी अप्रत्याशित आक्रमण गरेपछि लडाकु समूह हिज्बुल्लाहले पनि दक्षिणी लेबननबाट इजरेलमा आक्रमण सुरु गऱ्यो।

त्यसपछिको एक वर्ष दुवै पक्षबाट निरन्तर आक्रमणहरू भएका छन्।यदि इजरेलले लेबननमाथि धावा बोल्ने निर्णय गऱ्यो भने त्यो कस्तो खालको आक्रमण होला? अनि के इजरेल त्यो भूभाग कब्जा गरेर बस्नेतर्फ लाग्ला?

**लेबननमा स्थल आक्रमण गर्ने तयारीमा इजरेल**

हिज्बुल्लाहसँग सङ्घर्ष बढ्दै गएपछि उत्तरी इजरेलस्थित आफ्ना घर छोडेर ६०,००० मानिस विस्थापित भएका छन्। इजरेलका प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले उनीहरूलाई सुरक्षित घरमा फर्किने वातावरण बनाउने वाचा गरेका छन्।

स्थानीयवासीहरूका निम्ति चुनौतीको रूपमा देखिएको हिज्बुल्लाहको गतिविधि रोक्न इजरेल कुनै न कुनै स्वरूपमा लेबननको भूमिमा प्रवेश गर्न चाहन्छ भन्ने स्पष्ट सङ्केत बुधवार सेप्टेम्बर २५ मा देखियो।

“हामी अब रोकिँदैनौँ। हामी अब उनीहरूलाई जताततै प्रहार गर्छौं। हाम्रो लक्ष्य स्पष्ट छ, उत्तरका बासिन्दाहरूलाई सुरक्षित रूपमा त्यहीँ फर्काउने,“ सेनाप्रमुख



हालेभीले भने सैनिकहरूलाई भने। यसअघि सेप्टेम्बर २३ को सोमवार दुई पक्षबीचको द्वन्द्व निकै जटिल चरणमा प्रवेश गरेको थियो। इजरेलले लेबननका विभिन्न स्थानमा हवाई हमला गर्दा कम्तीमा ५५० जनाको ज्यान गएको थियो। इजरेलले ती स्थान हिज्बुल्लाहसँग सम्बन्धित भएको दाबी गरेको थियो।

लेबननको स्वास्थ्य निकायले मारिनेमा महिला, बालबालिका र स्वास्थ्यकर्मीसहित दर्जनौँ सर्वसाधारण नागरिक रहेको जनाएको छ।हवाई आक्रमण जारी रहँदा कैयौँ विश्लेषकहरूले इजरेलले स्थलसेना पनि लेबनन पठाउने भविष्यवाणी गरेका छन्।

**लेबननमा इजरेलले कस्तो कारबाही गर्ला**

यसअघिको लेबनन युद्धमा इजरेलले स्थल कारबाही गर्दा विभिन्न विधि अपनाएको थियो। अबको सम्भावित परिदृश्य बुझ्न इजरेलले सन् १९८२ देखि २००६ सम्म लेबननमा गरेका आक्रमणबारे थाहा पाउन आवश्यक हुन्छ।

सन् १९८२ मा इजरेली सैनिकहरू तीनवटा उद्देश्यसहित लेबनन प्रवेश गरेका थिए। उनीहरूको एउटा लक्ष्य प्यालेस्टाइनले सीमापारिबाट गरिरहेका हमला र गोली प्रहार रोक्नु थियो भने अर्को उद्देश्य सिरियाको उपस्थिति अन्त्य गर्नु थियो।

तेस्रो उद्देश्य चाहिँ इजरेल र लेबननबीच शान्ति सम्झौता गर्नका लागि लेबननमा आफूअनुकूल हुने सरकार बनाउन प्रभाव पार्नु थियो। यो कुरा इजरेली कूटनीतिक नियोगको वेबसाइटमा पनि उल्लेख थियो। त्यति बेला प्यालेस्टिनीहरू यासिर अराफात र उनको प्यालेस्टाइन लिबरेशन अर्गनाइजेशनको नेतृत्वमा थिए। उनीहरूले इजरेलीहरूलाई मान्यता नदिने र इजरेलले प्यालेस्टिनी राज्यलाई सहयोग नगर्ने अवस्था थियो।

त्यस बेलाको इजरेलले निकै ठूलो स्थल कारबाही गरेको थियो। हजारौँ सैनिक, सयौँ ट्याङ्क र बख्तरबन्द गाडीहरू प्रयोग भएका थिए। त्यससँगै इजरेलले जल र आकाशबाट पनि सघन आक्रमण गरेको थियो।विभिन्न स्थानबाट धावा बोल्दै इजरेली सेना एक सातामै लेबननको राजधानी बेइरुत पुगेको थियो र उक्त सहरलाई कब्जा गरेको थियो।

**१९८२ मा विश्वले के भनेको थियो**

प्यालेस्टाइन लिबरेशन अर्गनाइजेशनका नेता यासिर अराफात र उनलाई सहयोग गरिरहेका झन्डै २,००० सिरियाली सैनिकहरू लेबनन छोड्न बाध्य भए।त्यति बेला बीबीसीका एक संवाददाताले लेखेका थिए, “अहिले पानीजहाज चढेर ग्रीसतिर जान लागेका अराफातलाई उनको लेबनन बसाइले निम्त्याएको विपत्तिका कारण अब कुनै अरब सरकारले फेरि आश्रय देला जस्तो लाग्दैन।”

सन् १९८२ को सेप्टेम्बरमा बेइरुतमा इसाई लडाकुहरूले सयौँ प्यालेस्टिनीहरूको हत्या गरेपछि विश्वभरिबाट इजरेलको भर्त्सना भयो।राष्ट्रपति पदमा निर्वाचित भएका बशिर गेमायेलको उक्त घटनाको चार दिनअघि हत्या भएको थियो। त्यसको प्रतिशोधस्वरूप उक्त हत्याकाण्ड गरिएको विवरण त्यति बेला प्रकाशित भएको थियो। सन् २००६ को स्थल आक्रमण १९८२ को तुलनामा सुस्त थियो। सन् २००६ को कारबाही सीमाबाट केही किलोमिटरभित्र रहेका सहरहरू र तिनको सेरोफेरोमा सीमित थियो।

इजरेली राजनीतिक विश्लेषक योअभ स्टर्नले अबको स्थल आक्रमण यसअघिको जस्तो नहुने बीबीसीसँग बताएका छन्। उनका अनुसार अबको सम्भावित आक्रमण सुस्त गतिमा, सावधानीपूर्वक र पूरा हिसाबकिताब गरेर हुने छाउनी इजरेलले लगातार पूर्ण स्तरको आक्रमण गर्नुभन्दा पनि दक्षिणी लेबननका सहरहरू एक-एक गरेर कब्जामा लिन सक्ने ठान्छन्। इजरेलले सन् २००६ कै तरिकाले युद्ध लड्ने तर सहरका भित्री भागसम्म पुग्ने उनको अनुमान छ। लेबननका महत्त्वपूर्ण क्षेत्रहरूलाई आफ्नो नियन्त्रणमा राख्न खोज्ने दुवै पक्षबीच लितानी नदी महत्त्वपूर्ण सीमा बनेको छ।

उनका अनुसार दक्षिणी लेबननका सहरहरूमा लामो समयदेखि हिज्बुल्लाह रहेका कारण ती क्षेत्रलाई कब्जामा लिन इजरेललाई कठिन हुने र त्यहाँबाट बाहिरिनुपर्ने सम्भावना देख्छन्। सैन्य विश्लेषक तथा भूतपूर्व जेनरल हिसाम जाबेर दक्षिणी लेबननमा इजरेली स्थल आक्रमण भए पनि त्यहाँ लामो समयसम्म इजरेली सेना टिक्न नसक्ने बताउँछन् ।

“इजरेलले रणभूमिमा नियन्त्रण कायम गर्ने प्रयासको परिणाम सन् २००६ मा भोगिसकेको छ,” उनले भने। उनी यो पटकको आक्रमण निकै फरक स्वरूपको हुने दाबी गर्छन्।

लेबननमा इजरेली स्थल कारबाहीमा निकै साँघुरो हुने जाबेरको विश्लेषण छ। त्यस्तो आक्रमण निकै सीमित क्षेत्रमा मात्रै हुने र सीमापारि गरिने प्रत्येक आक्रमण एक दिनभन्दा लामो नहुने उनको भनाइ छ।जाबेरका अनुसार इजरेलले स्थल कारबाहीको विकल्प रोज्ने छ र हवाई आक्रमणलाई निरन्तरता दिने छ। उसले विशिष्ट व्यक्तिको हत्याको क्रम र साइबर हमला पनि बढाउने उनी ठान्छन्।

**इजरेल कहाँबाट लेबननमा छिर्न सक्छ**

जाबेर इजरेली स्थल आक्रमण लेबननका सीमावर्ती सहरहरूमा सीमित हुन सक्ने ठान्छन्। तर उनी इजरेलले “कमान्डो अपरेशन” जस्तो देखिने आक्रमण अन्य सहरहरूमा पनि गर्न सक्ने कुरा अस्वीकार गर्न नसकिने बताउँछन्।

स्टर्नका अनुसार स्थल कारबाही दक्षिणी लेबननका इजरेलसँगका सीमावर्ती क्षेत्रहरूसँगै लितानी नदीसम्मै हुन सक्छ। तर इजरेले केही रणनीतिक कारणले लितानी नदीको उत्तरतर्फ धकेलिने र त्यहाँबाट पछाडि फर्किन बाध्य हुने उनको आकलन छाउनी भविष्यमा हुन सक्ने सम्झौतामा आफूलाई फाइदा पुग्ने गरी इजरेलले लेबननका भित्री भेगसम्म घुसपैठ गर्ने आकलन गर्छन्।

**इजरेलको उद्देश्य के हुन सक्छ**

सन् १९८२ को युद्धको एउटा घोषित उद्देश्य चाहिँ उत्तरी इजरेलका सहरहरूलाई लेबननको दक्षिणी क्षेत्रमा रहेका लडाकुहरूबाट हुन सक्ने रकेट आक्रमणबाट सुरक्षित राख्नु थियो। त्यसका लागि ती लडाकुहरूलाई लेबनन-इजरेल सीमाको ४० किलोमिटर दक्षिणतिर धपाउने लक्ष्य राखिएको थियो।

इजरेलले प्यालेस्टाइन लिबरेशन अर्गनाइजेशनका भौतिक पूर्वाधार नष्ट गर्ने अर्को उद्देश्य पनि राखेको थियो। त्यसअन्तर्गत बेइरुतस्थित उसको मुख्यालय नष्ट गर्ने र सिरियाली फौजलाई लेबननबाट फिर्ता पठाउन पनि खोजिएको थियो।त्यस बेलाको इजरेली आक्रमण दक्षिणी लेबनानमा मत्रै केन्द्रित थिएन। बेका उपत्यका, सोउफ माउन्टेन र बेइरुतमा पनि आक्रमण भएको थियो।

हिशाम जाबेर सीमित क्षेत्रमा हुने प्रवेश वा आक्रमणले भविष्यमा निकै कम सैन्य असर पर्ने ठान्छन्। तर अर्कोतर्फ स्टर्न दुई कारणले इजरेलले हिज्बुल्लाहका लडाकुहरूलाई लितानी नदीभन्दा उत्तरतर्फ धकेल्न प्रयास गर्ने बताउँछन्।“एउटा इजरेली सहरतर्फ छोटो दूरीका रकेटहरूको प्रहार रोक्न र उत्तरी इजरेलमा अक्टोबर ७ मा भएको जस्तो आक्रमण नहुने सुनिश्चितता कायम गर्न।“

# ‘टि ट्वान्टी सिरिज’ क्रिकेटमा नेपालद्वारा ओमान पराजित



काठमाण्डु । क्यानडामा जारी त्रिकोणात्मक टि ट्वान्टी सिरिज क्रिकेटअन्तर्गत भएको खेलमा नेपालले ओमानलाई पराजित गरेको छ ।

क्यानडाको किङ सिटीमा सम्पन्न खेलमा नेपालले ओमानलाई ३७ रनले पराजित गरेको हो । जितका लागि एक सय ७७ रनको लक्ष्य पाएको ओमानले १९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय ३९ रनमा समेटियो । ओमानका लागि सोएविब खानले सर्वाधिक ४५ रनको योगदान दिए । त्यसैगरी रफिउल्लाले ३३ रन बनाए भने फयाज बुट्टले १७ रन जोडे ।

ओमानलाई एक सय ३९ रनमा समेट्ने क्रममा नेपालका करण केसीले तीन विकेट लिए भने कुशल भुर्तेलले दुई विकेट झारे । रिजन ढकाल, दीपेन्द्र सिंह ऐरी र सन्दीप लामिछानेले समान एक-एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै एक सय ७६ रनको योगफल बनाएको थियो ।

नेपालका लागि गुल्शन झाले सर्वाधिक ४० रनको योगदान दिए । उनले १७ बलमा तीन चौका र तीन छक्काको मद्दतमा ४० रन बनाएका हुन् । त्यसैगरी कुशल मल्लले ३० रनको योगदान दिए । उनले २६ बलमा दुई चौका र दुई छक्काको मद्दतमा ३० रन बनाए । आसिफ शेख र अनिल शाहले समान २७/२७ रन बनाए । आशिफले २२ बलमा एक चौका र दुई छक्काको सहयोगमा २७ रन बनाए । अनिल साहले २१ बलमा तीन चौका र एक छक्काको मद्दतमा २७ रन जोडे ।

त्यस्तै कुशल भुर्तेलले २० रन बनाउँदा कप्तान रोहित पौडेल दुई रनमा आउट भए । बलिङतर्फ ओमानका अकिब इलियासले सर्वाधिक तीन विकेट लिए भने सकिल अहमेद, फैयाज बुट्ट र जिशान मक्सूदले समान एक-एक विकेट लिए ।

त्रिकोणात्मक टि ट्वान्टी सिरिजको पहिलो खेलमा नेपाल क्यानडासँग १४ रनले पराजित भएको थियो । सिरिजमा नेपालको यो दोस्रो र ओमानको पहिलो खेल थियो । नेपालले अब तेस्रो खेल मङ्गलबार क्यानडासँग खेल्नेछ ।रासस

# लेबनानबाट सिरियातर्फ एक लाख शरणार्थी प्रस्थान

एएफपी

जेनेभा । इजरायलले पछिल्ला केही दिनयता लेबनानी हिजबुल्लाह समूह लक्षित गरेका लगातारका हवाई आक्रमणका कारण करिब एक लाख व्यक्ति लेबनानबाट सिरियातर्फ भागेका संयुक्त राष्ट्रसङ्घका शरणार्थी प्रमुख फिलिप्पो ग्रान्डीले सोमबार बताउनुभएको छ । उहाँका अनुसार यो संख्या दुई दिनमा बढेर दोब्बर भएको छ ।

उहाँले सामाजिक सञ्जाल एक्समार्फत द्वन्द्व प्रभावित भई लेबनानबाट सिरिया प्रवेश गर्ने मानिसहरूको संख्या उल्लेख गर्नुभएको हो । विस्थापित हुने क्रम निरन्तर जारी छ ।

उहाँले उक्त स्थानमा संयुक्त राष्ट्रसङ्घ शरणार्थी निकाय (युएनएचसीआर) ले “नयाँ आगमनलाई सहयोग गर्न स्थानीय अधिकारी र सिरियाली रेड क्रिसेन्ट सँगसँगै सीमाक्षेत्रका विभिन्न चार केन्द्रमा उद्धारकर्मी परिचालन गरेको छ । युएनएचसीआरले एक हप्ता अघिदेखि शनिबारसम्ममा लेबनानबाट सिरियातर्फ विस्थापितहरूको व्यापक भीड लागेको छ ।

इजरायलले पछिल्लो समयमा इरानको क्षेत्रीय सहयोगी हिजबुल्लाहलाई लक्षित गर्दै लेबनान र गाजा पट्टीलाई समावेश गर्न आफ्नो आक्रमण विस्तार गरेको छ ।लेबनानमा हिजबुल्लाहका लक्ष्यहरूमा गरिएको आक्रमणमा शुक्रबार यसका नेता हसन नसरल्लाहको मृत्यु भएको छ ।लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार गत हप्तामा इजरायली बमबारीले लेबनानमा दुई दिनको अवधिमा १४ जना प्यारामेडिक्ससहित ७०० भन्दा बढीको ज्यान गएको छ ।

युएनएचसीआरका अनुसार शुक्रबारसम्म ३० हजार मानिसहरू सिरियामा प्रवेश गरिसकेका थिए।सिरियामा युएनएचसीआरका प्रतिनिधि गोन्जालो वर्गास लोसाले विस्थापित हुनेमा करिब ८० प्रतिशत सिरियाली र २० प्रतिशत लेबनानी नागरिक रहेको बताउनुभएको छ । उहाँका अनुसार उनीहरु मध्ये ‘ अधिकांश महिला तथा बालबालिका’ रहेका छन् ।

निरन्तरको युद्ध र बम विस्फोटबाट भागेका मानिसहरू थकित, तथा सहायताको अभावको सामना गर्दै सिरिया आइपुगेको बताउदै उनीहरुलाई सहयोगको आवाश्यकता रहेको उल्लेख गर्नु भएको छ ।

# इयूका विदेशमन्त्रीहरूको बैठक ब्रसेल्समा, लेबनानबारे छलफल हुने

एएफपी

ब्रसेल्स।इजरायलले लेबनानमा हवाई आक्रमण जारी राखेका बेला युरोपेली विदेशमन्त्रीहरू लेबनानको अवस्थाबारे सोमबार आपतकालीन वार्ता गर्ने ब्रसेल्सले जनाएको छ ।

इजरायली आक्रमणमा हिजबुल्लाहका नेता हसन नसरल्लाहको मृत्यु भएको थियो । लेबनानको विदेश नीति प्रमुख जोसेप बोरेलले लेबनानको पछिल्लो तनावप्रति इयूको प्रतिक्रियाबारे छलफल गर्न स्थानीय समयअनुसार दिउसो ३:०० बजे भर्चुअल बैठक बोलाइएको इयूका एक प्रवक्ताले बताएका छन् ।इजरायल र इरान समर्थित हिजबुल्लाह समूहबीचको द्वन्द्वलाई थप व्यापक बन्न नदिन अन्तर्राष्ट्रिय शक्तिहरू दौडधुप गरिरहेका छन् ।

विगत एक वर्षदेखि यस क्षेत्रमा व्याप्त हिंसा नियन्त्रणका लागि अहिलेसम्म एउटै स्वरमा



बोल्न वा धेरै प्रभाव पार्न २७ सदस्यीय युरोपियन युनियन (इयू) ले सङ्घर्ष गरिरहेको छ । गत वर्ष गाजामा युद्ध सुरु भएयता इजरायलले लेबनानको राजधानी बेरुतको मध्यभागमा सोमबार पहिलो हवाई आक्रमण गरेको थियो जसमा चार जनाको मृत्यु भएको थियो ।लामो समयदेखि हिजबुल्लाह समूहका प्रमुख रहनुभएका नसरल्लाहको इजरायलले शुक्रबार गरेका हवाई आक्रमणमा मृत्यु भएको थियो ।

लेबनानमा सन् १९७५ देखि १९९० सम्म चलेको गृहयुद्धपछिको सबैभन्दा घातक दिन गत सोमबारदेखि इजरायली आक्रमणमा सयौंको मृत्यु भएको छ ।पछिल्लो एक हप्तामा इजरायली बमबारीमा १४ जना प्यारामेडिक्ससहित ७०० भन्दा बढीको मृत्यु भएको लेबनानी मन्त्रालयले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घका शरणार्थी प्रमुख फिलिप्पो ग्रान्डीले लेबनानमा दुई लाखभन्दा बढी मानिस विस्थापित भएको र एक लाखभन्दा बढी छिमेकी मुलुक सिरियातर्फ भागेको बताएका छन् ।

# फसेका दुई अन्तरिक्षयात्री लिन गएको यान अन्तरिक्ष स्टेशनमा जोडियो

बीबीसी

काठमाण्डु ।अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आईएसएस) मा फसेका नासाका दुई अन्तरिक्षयात्रीलाई फिर्ता ल्याउन गएको स्पेसएक्सको 'ड्र्यागन क्याप्स्यूल' आईएसएससँग जोडिएको छ।

उक्त यानमा बुच विल्मोर र सुनीता विलिअम्सका लागि दुई सीट खाली छ।उनीहरू अमेरिकी अन्तरिक्ष निकाय, नासाको आठदिने अभियानमा सहभागी हुँदै गत जुन महिनामा बोइङको नयाँ स्टारलाइनर क्याप्स्यूल चढेर अन्तरिक्षमा गएका थिए। तर उडानका क्रममा उक्त यानमा प्राविधिक त्रुटि देखा परेको थियो। त्यसपछि उनीहरू आईएसएसमै बस्न बाध्य भएका थिए। अब उनीहरू आगामी फेब्रुअरी महिनामा पृथ्वी फर्किन सक्ने ठानिएको छ।

नासाका अन्तरिक्षयात्री



निक हेग र र रुसी अन्तरिक्षयात्री अलेक्जान्डर गोर्बुनोफलाई लिएर स्पेसएक्सको उक्त क्याप्स्यूल संयुक्त राज्य अमेरिकाको फ्लोरिडास्थित केप कन्याभरलबाट स्थानीय समयानुसार शनिवार अपराह्ण उडेको थियो। आईएसएसभित्र नयाँ पुगेका अन्तरिक्ष यात्रीहरू हेग र गोर्बुनोफलाई अरू अन्तरिक्षयात्रीले स्वागत गरेका थिए।उनीहरूले प्रसन्न मुद्रामा तस्बिरहरू पनि खिचेका थिए। अब हेग र गोर्बुनोफ आईएसएसको टोलीमा सम्मिलित हुने छन् भने विल्मोर र विलिअम्स फिर्ता आउने छन्। हेगले यसअघि पनि आईएसएसमा बसेर काम गरिसकेका छन्।

नासा र रुसी अन्तरिक्ष निकाय 'रोस्कस्मस'बीच भएको एउटा सम्झौताअनुसार तीन जना अट्ने रुसी अन्तरिक्षयान सोयुजले आफ्नो प्रत्येक उडानमा नासाका एक अन्तरिक्षयात्रीलाई र चार जना अट्ने ड्र्यागनले एक रुसी अन्तरिक्षयात्रीलाई आईएसएसमा लैजान्छन्।ड्र्यागन क्याप्स्यूलको प्रक्षेपण बिहीवारका लागि तय गरिएको थियो। तर समुद्री आँधी 'हेलेन'का कारण उक्त योजना केही दिन पछि सरेको थियो।ड्र्यागन क्याप्स्यूल नजिकै पुग्दा आईएसएस अफ्रिकाको दक्षिणी भेगमा बोट्स्वानाभन्दा ४२५ किलोमिटरमाथि अन्तरिक्षमा उड्दै थियो।

'स्टारलाइनर' मा समस्या

'स्टारलाइनर' क्याप्स्यूलले गत जुन ५ मा अन्तरिक्षयात्रीसहितको पहिलो परीक्षण उडान गरेको थियो। उडानका क्रममा बोइङले निर्माण गरेको उक्त यानमा विभिन्न समस्याहरू देखा परेका थिए। बोइङ र नासाका प्राविधिकहरूले समस्या समाधान गर्ने उद्देश्यले महिनौँ लगाएर अनुसन्धान गरे।

तर अगस्ट महिनाको अन्त्यतिर नासाले स्टारलाइनर प्रयोग गरेर अलपत्र परेका अन्तरिक्षयात्रीलाई फिर्ता नल्याउने निर्णय गऱ्यो ।

## धितोपत्र बजार :
# कारोबार तीन महिनायताकै न्यून




काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ४४ दशमलव ४५ अङ्कले बढ्दा कारोबार रकम भने पौने चार अर्बमा खुम्चिएको छ।

नेप्से परिसूचक सोमबार एक दशमलव ८० प्रतिशतले बढेर दुई हजार पाँच सय आठ दशमलव ८६ को अङ्कमा कायम भएको हो। सोमबार तीन सय १९ कम्पनीको ९७ लाख १७ हजार नौ सय ५९ कित्ता शेयर ५० हजार छ सय ८० पटक खरिद बिक्री हुँदा कारोबार रकम रु तीन अर्ब ७१ करोड ५३ लाख ५९ हजार नौ सय ३५ मा खुम्चिएको छ। नेप्सेमा सोमबारको कारोबार रकम पछिल्लो तीन महिनायताकै न्यून हो।

म्युचुअल फन्ड शून्य दशमलव ६० प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै वित्त समूह चार दशमलव १९ र उत्पादन तथा प्रशोधन समूह तीन दशमलव ८३ प्रतिशतले बढेको छ। बैंकिङ एक दशमलव १८, विकास बैंक एक दशमलव ९३, होटल तथा पर्यटन तीन दशमलव २८, जलविद्युत् एक दशमलव २२, जीवन बीमा एक दशमलव ७८ र लघुवित्त एक दशमलव ८५ प्रतिशतले बढेको छ।

त्यस्तै, निर्जीवन बीमा शून्य दशमलव ७१, व्यापार एक दशमलव ५२ र अन्य समूह दुई दशमलव ३७ प्रतिशतले बढेको छ। सिईडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा सोमबार सकारात्म सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा प्रभु सेलेक्ट फन्डको शेयर मूल्य नौ दशमलव ३६ प्रतिशत छ।

कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धेरै सिईडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको रु १७ करोड ६९ लाख ६४ हजार २७ बराबरको कारोबार भएको छ। कारोबार भएको शेयर संख्याका आधारमा भने सिटिजन सुपर-३० म्युचुअल फन्डको १२ लाख एक हजार चार सय २० कित्ता शेयर किनबेच भएको छ।रासस

# अधिकतम भाडा नलिने वायुसेवा सङ्घको निर्णय

काठमाण्डु। वायु सेवा सञ्चालक सङ्घले सडक सञ्जाल सहज रुपमा सञ्चालन नभएसम्म हवाई टिकटका लागि तोकिएको अधिकतम भाडा नलिने भएको छ।

सङ्घको सोमबार बसेको बैठकले सडक सञ्जाल सहज नभएकाले सडक सुचारु नहुन्जेल अधिकतम मूल्यको टिकट बिक्री नगर्ने निर्णय गरेको हो।

'यस विपद्को घडीलाई तथा सर्वसाधारणको हितलाई ध्यानमा राख्दै सङ्घले भदौ १३ गते जारी गरेको 'अपर फेयर' माथिल्लो भाडादरको टिकट सडक सञ्जाल सञ्चालन नभएसम्म कायम राख्ने निर्णय गरेको छ' सङ्घका अध्यक्ष मनोज कार्कीद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

हवाई भाडा महङ्गो भएको नागरिकस्तरबाट गुनासो आएपछि सङ्घको आइतबारको बैठकले सोमबार, मङ्गलबार र बुधबार सस्तो टिकट यात्रुलाई




उपलब्ध गराउने निर्णय गरेको थियो।

अध्यक्ष कार्कीले विपद्मा नागरिकको यात्रालाई सहज होस् भनेर सकेसम्म सस्तो दरमा हवाई टिकट बिक्री गरिरहेको दाबी गर्नुभयो।

बिहीबारदेखि परेको अविरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढीपहिरो जाँदा सडक सञ्जाल अवरुद्ध हुदाँ हवाइ उडानमा यात्रुको चाप बढेको छ।आइतबार र सोमबार उडान चाप रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ।रासस

# असोज १६ देखि कृषि तथा घरेलु उद्यमी मेला आयोजना हुँदै




काठमाण्डु । 'स्वदेशी उत्पादन, हाम्रो अभियान' भन्ने मूल नाराका साथ आगामी बुधबारदेखि कृषि तथा घरेलु उद्यमी मेला र दसैं महोत्सव आयोजना हुने भएको छ। यसअघि यही असोज १३ गते तय भएको उक्त मेलाको मिति प्राकृतिक प्रकोपबाट निम्तिएको विपद्का कारण तीन दिनपछि सारिएको आयोजकले जनाएको छ।

प्रदर्शनीमार्गस्थित राष्ट्रिय सभागृहको प्राङ्गणमा हुने मेला घरेलु तथा साना उद्योग सङ्घ र काठमाडौं महानगरपालिकाको संयुक्त आयोजनामा गर्न लागिएको हो।

सङ्घका सचिव तथा मेला संयोजक जीतेन्द्रकुमार श्रेष्ठले महानगरपालिकासँगको सहकार्यमा असोज १६ देखि २३ गतेसम्म काठमाडौं जिल्लाका लघु, घरेलु, साना तथा महिला र कृषि उद्यमीका उत्पादनहरुको काठमाडौं जिल्ला स्तरीय औद्योगिक प्रदर्शनी गर्न लागिएको बताउनुभयो। महानगरका ३२ वटै वडाका लघु, घरेलु, साना तथा महिला उद्यमीहरुको सहभागितामा आयोजना गरिने औद्योगिक प्रदर्शनीमा सबै वडामा सञ्चालित उद्योगहरुको सहभागिता रहने उहाँले जानकारी दिनुभयो।

लघु घरेलु तथा साना उद्योगका उत्पादन, स्थानीय खानाका परिकार तथा मौलिक उत्पादन, प्राकृतिक रेशाजन्य उत्पादन, स्वदेशी जुत्तालगायतका ७० वटा स्टलका साथै अन्तरक्रिया, छलफल, सांस्कृतिक कार्यक्रम र खाद्य महोत्सव प्रदर्शनीका आकर्षणको रुपमा रहनेछन्।

घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष पद्मकुमारी कार्कीले घरेलु तथा साना उद्यमीद्वारा उत्पादन गरिएका वस्तुको प्रवर्द्धन र बजारीकरण गरी स्वदेशी उद्योगद्वारा उत्पादित वस्तुको उपभोगमा वृद्धि गर्ने उद्देश्य रहेको बताउनुभयो।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका पूर्वअध्यक्ष आङदेण्डी शेर्पाले लघु, घरेलु तथा साना उद्यमीहरुको प्रवर्द्धन गर्न यस्ता मेलाहरुको आगामी दिनमा पनि निरन्तरता दिइने बताउनुभयो।रासस

# राजधानी भित्र्याइने फलफूल तथा तरकारीको परिमाणमा वृद्धि

काठमाण्डु । बाहिरी जिल्लाबाट फलफूल तथा तरकारी भित्र्याउने क्रम बढेसँगै राजधानीमा फलफूल तथा तरकारीको उपलब्धतामा सहज हुँदै गएको छ। वर्षा र बाढीको प्रभावले फलफूल तथा तरकारी भित्र्याउन नसकिएपछि राजधानीमा अभाव हुँदै गएको थियो। फलफूल तथा तरकारीको परिमाण भित्र्याउने क्रम सोमबारदेखि बढ्न थालेको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले जनाएको छ। राजधानीमा शनिबार एक सय ५६ टन फलफूल तथा तरकारी भित्र्याइएको थियो। आइतबार एक सय ७९ टन फलफूल र तरकारी भित्र्याइएको थियो। आज दिउँसोसम्म चार सय ५० टन फलफूल तथा तरकारी भित्र्याइएको समितिका सूचना अधिकारी विनय श्रेष्ठले जानकारी दिनुभयो। राजमार्ग खुलेर सवारी चल्न थालेपछि राजधानी ल्याइने फलफूल तथा तरकारीको परिमाण वृद्धि हुन थालेको हो।रासस


# कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय, राजविराज, सप्तरीको ३५ दिने सूचना

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यकालागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानत दिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**तपसिल**

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | फर्मको दर्ता नं. र दर्ता मिति | दर्ता भएको कार्यालय | पान नं. | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ भाद्र सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आर.के. ट्रेडर्स एण्ड सप्लायर्स प्रो.रविन्द्र कुमार यादव | राजविराज ०५ | ४०५६/०७२-०७३ २०७२/११/०३ | वाणिज्य आपुर्ती तथा व्यवस्थापन विभाग | ६०३८९३८८५ | व्यापार कर्जा | १५,००,००० | २,२३,१६७१९ | १७,२३,१६७१९ |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम:**

| क्र.सं. | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|---|
| १ | रविन्द्र कुमार यादव | राजविराज ०५ | ४५९१ | सप्तरी २०५८/०१/१९ | सुरेन्द्र प्रसाद यादव | राजेन्द्र प्रसाद यादव |

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | फर्मको दर्ता नं. र दर्ता मिति | दर्ता भएको कार्यालय | पान नं. | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ भाद्र सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | जानकी स्टील फर्निचर उधोग प्रो.रामविलास साह | राजविराज ०४ | १६२/२८३९/०६६/०६७ २०६६/११/१४ | घरेलु तथा साना उद्योग कार्यालय | ३०४३३७८२० | व्यापार कर्जा | १५,००,००० | २,४१,८७८।६१ | १७,४१,८७८।६१ |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम:**

| क्र.सं. | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|---|
| १ | रामविलास साह | डिमन ०४ | ५१७५ | सप्तरी २०५३/०४/३१ | युगेश्वर साह तेली | हरिहर साह |

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | फर्मको दर्ता नं. र दर्ता मिति | दर्ता भएको कार्यालय | पान नं. | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ भाद्र सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | रितीसा ट्रेडर्स एण्ड सप्लायर्स प्रो.तेज नारायण यादव | प्रशवनी ०८ | ८४५/०६७/६७ २०६७/०६/२४ | वाणिज्य विभाग | ३०४३३४५२२ | व्यापार कर्जा | २०,००,००० | २,९८,८७९।४९ | २२,९८,८७९।४९ |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम:**

| क्र.सं. | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|---|
| १ | तेज नारायण यादव | प्रशवनी ०८ | १६३६२९ | सप्तरी २०५४/०६/०८ | विन्देश्वरी सहनोगिया यादव | हिताई सहनोगिया यादव |

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | फर्मको दर्ता नं. र दर्ता मिति | दर्ता भएको कार्यालय | पान नं. | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ भाद्र सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | माँ दुर्गा ईटा उद्योग प्रो. सुनिता कुमारी यादव | विषहरीया ०१ | ७१३२/०७०/७१ २०७१/०१/०८ | घरेलु तथा सानाउधोग कार्यालय | ६०२०३७३४५ | व्यापार कर्जा | ३६,००,००० | ५,५९,८५९।९४ | ४१,५९,८५९।९४ |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम:**

| क्र.सं. | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|---|
| १ | सुनिताकुमारी यादव | खडकपुर ०३ | ६७३ | सप्तरी २०५२/०९/२७ | फुदन मंडल यादव | छेदिलाल यादव |

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | फर्मको दर्ता नं. र दर्ता मिति | दर्ता भएको कार्यालय | पान नं. | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ भाद्र सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | बलरामकोल्ड स्टोर प्रो.बलराम साह सोनार | राजविराज ०७ | ६०१३/०७५/७६ २०७५/०४/०८ | घरेलु तथा सानाउधोग कार्यालय | ६०८०५५५१० | ओ.डी. कर्जा | १०,००,००० | ३,१०,२३९।८२ | १३,१०,२३९।८२ |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नाम:**

| क्र.सं. | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|---|
| १ | बलराम साह सोनार | राजविराज ०७ | ३५६७३९५९ | सप्तरी २०४७/०२/२८ | विहारी साह सोनार | मुनेश्वर साह सोनार |

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | फर्मको दर्ता नं. र दर्ता मिति | दर्ता भएको कार्यालय | पान नं. | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ भाद्र सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | लिलादेवी कृषि पशुपालन फर्म प्रो.लिला देवि यादव | राजविराज ०५ | ७२६६/०७१/७२ २०७१/०९/२९ | घरेलु तथा सानाउधोग कार्यालय | ६०३०४८८२३ | सरल कृषि कर्जा | २०,००,००० | ५,०१,००९।८३ | २५,०१,००९।८३ |

**प्रोप्राईटर/साझेदार/संचालकहरु/धितो मन्जुरीदिनेहरुको नाम:**

| क्र.सं. | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|---|
| १ | लिला देवी यादव | मैनाकडेरी ०७ | २३८५ | सप्तरी २०४६/१२/१७ | सिताराम यादव | मधुलाल यादव |

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं., जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | ग्राहकको बाजे/ससुराको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ भाद्र सम्मको व्याज | जम्मातिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | अमेरिका कुमारी मंडल | ब्रहमपुर ०९ | १८३९, सप्तरी २०५५-१२-०८ | मन्सी मंडल धानुक | हरि लाल मंडल | ओ.डी. कर्जा | ९,००,००० | २,६५,८२५।९९ | १,१६५,८२५।९९ |
| ८ | रामचन्द्र यादव | विषहरीया ०१ | १६०२६, सप्तरी २०४४-१२-१७ | मोहन यादव | भोला यादव | सरल कृषि कर्जा | ३,००,००० | ६,७६,७३।९९ | ३,६७,६७३।९९ |
| ९ | सुर्य नारायण यादव | फसैठ ०९ | ७२०२०८६०, सप्तरी २०३६-०९-२४ | वासुदेव यादव | मितन यादव | सरल कृषि कर्जा | ७,००,००० | २,०६,८२५।८२ | ९,०६,८२५।८२ |
| १० | लिलमशर्मा | दिघवा ४ | १६१०५१/५८, सप्तरी २०३४-११-१९ | सुरेन्द्र प्रसाद शर्मा | महन्थी शर्मा | घरायसी कर्जा | ५,५०,००० | १,३३,२६१।६८ | ६,८३,२६१।६८ |
| ११ | भुपेन्द्र यादव | मलेठ ०८ | २९३६९/६१६६, सप्तरी २०६२-०३-२२ | लोचन यादव | वौकाई यादव | घरायसी कर्जा | २,००,००० | ७२,१७१।०९ | २,७२,१७१।०९ |
| १२ | शिव नारायण मंडल | विषहरीया ०१ | २१७१४४, सप्तरी २०३६-११-०५ | फनिलाल मंडल | विराजी मंडल | सरल कृषि कर्जा | ४,००,००० | १,०१,२९६।७२ | ५,०१,२९६।७२ |
| १३ | विन्दु देवी सिंह | बनेनिया ४ | ३०१४, सप्तरी २०४६-०३-१४ | गौरी शंकर प्रसाद सिंह | महाविर प्रसाद सिंह | सरल कृषि कर्जा | ९,५०,००० | २,६६,९५५।९६ | १२,१६,९५५।९६ |
| १४ | श्रीमती भुटी वती | सि. सिगयोन ०५ | १४७५ ,सप्तरी २०४४-१०-२२ | कर्मी यादव | धनिलाल यादव | सरल कृषि कर्जा | ४५,५०० | ३,९६८।९९ | ४९,४६८।९९ |
| १५ | विणा देवि यादव | फकिरा ०७ | १६१०९४/८१, सप्तरी २०६५-०८-०६ | जग्रनाथ यादव | महन्थ प्रसाद यादव | सरल कृषि कर्जा | १०,००,००० | ३,१२,४१९।३३ | १३,१२,४१९।३३ |
| १६ | कृष्ण देव यादव | नर्घो ०२ | ४२८७, सप्तरी २०५८-०६-२८ | मुक्तिलाल यादव | नसिव यादव | सरल कृषि कर्जा | १०,००,००० | २,७४,४६०।४६ | १२,७४,४६०।४६ |
| १७ | सत्य नारायण मंडल | वोरिया ०५ | १७१५१८९९, सप्तरी २०४१-०२-२२ | रामजी मंडल | वावु लाल मंडल | सरल कृषिकर्जा | २,५०,००० | ४९,२०५।७१ | २,९९,२०५।७१ |
| १८ | सुमित्रा देवी यादव | ललपटी ०२ | ८०९५०५८३, सप्तरी २०४५-०१-२० | राजेन्द्र यादव | किसन यादव | सरल कृषि कर्जा | ८५,००० | ९,८२४।५ | ९४,८२४।५ |
| १९ | सुवधियादव | जमुनिमधेपुरा ०१ | १६०४, सप्तरी २०४३-१०-१८ | गुजाई यादव | गुरु दयालयादव | सरल कृषि कर्जा | १,८३,००० | २४,७५४।६६ | २,१४,७५४।६६ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# प्रदेश प्रमुखसमक्ष अख्तियारको प्रतिवेदन

टुडे समाचारदाता

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासले मधेश प्रदेशका प्रमुख सुमित्रा सुवेदी भण्डारी समक्ष ३४औं वार्षिक प्रतिवेदन बुझाएको छ ।

सो कार्यालयका प्रमुख सह-सचिव रामबहादुर कुरुवांगले सोमबार प्रदेश प्रमुख भण्डारीलाई प्रदेश प्रमुखको सचिवालयमा आयोगको आर्थिक वर्ष ०८०/०८१ को प्रतिवेदन हस्तान्तरण गरेका छन् ।

प्रदेश प्रमुख भण्डारीले सो अवसरमा सुशासनको अभावमा समृद्ध नेपाल तथा सुखी नेपालीको अभियान पूरा गर्न नसकिने भएकाले सुशासन र आर्थिक पारदर्शीता कायम गराउनमा अख्तियारको भूमिका महत्वपूर्ण भएको बताइन् ।

उनले अख्तियारको प्रतिवेदनमा प्रदेशबाट अनियमिततासम्बन्धी बढी उजुरी परेको विषयमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताउँदै आर्थिक अनुशासन तथा पारदर्शीता स्थापनाका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराउने उल्लेख गरिन् ।



अख्तियारको बर्दिबास कार्यालयका प्रमुख रामबहादुर कुरुवांगले अख्तियारमा मधेस प्रदेशका मात्र १० हजार उजुरी रहेको परेको उल्लेख गर्दै कुल उजुरीमध्ये ८० प्रतिशत स्थानीय तहसम्बन्धी भएको बताए ।

जिल्लागत रुपमा सबैभन्दा बढी उजुरी धनुषाको रहेको जनाउँदै आर्थिक वर्ष ०८०/०८१ मा धनुषा जिल्लाबाट मात्रै एक हजार एक सय वटा उजुरी परेका छन् । भने यसका साथै सबैभन्दा कम सर्लाहीबाट छ सय ९ वटा उजुरी परेको जनाएको छ ।

प्रदेशको ८ वटै जिल्लाबाट सो आर्थिक वर्षमा छ हजार तीन सय २४ उजुरी दर्ता भएका छन् । नयाँ दर्ता भएका उजुरी र पुरानो उजुरी गरेर आठ हजार पाँच सय २९ रहेकामा छ हजार चार सय ७२ वटा फछ्र्यौट भएको जनाइएको छ ।

# ‘आवधिक योजनाका आधारका बजेट निर्माणमा गर्नुपर्छ’

टुडे समाचारदाता

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले आवधिक योजनाका आधारमा बजेट निर्माण तथा कार्यान्वयन भएमा प्रदेश विकासमा सकारात्मक उपलब्धि प्राप्त हुने बताएका छन् ।



मधेश प्रदेशको दोस्रो आवधिक योजना आर्थिक वर्ष ०८१/०८२ र ०८५/०८६ को परिमार्जित मस्यौदा उपरको छलफलमा मुख्यमन्त्री सिंहले योजनाअनुरूप बजेट विनियोजन गरिनु आर्थिक कार्यविधिसम्मत हुने हुँदा बजेट तर्जुमा गरिरहँदा आवधिक योजनालाई केन्द्रमा राख्नुपर्ने बताए ।

आवधिक योजना पारित भएपछि वार्षिक कार्यक्रम तथा बजेट विनियोजन हुनुपर्नेमा उनले जोड दिए । मुख्यमन्त्री सिंहलले आवश्यक र उचित विषय समाविष्ट गरी योजनालाई पूर्णता दिनुपर्ने बताए । उनले प्रदेशमा प्रहरी समायोजन नहुँदासम्म प्रदेश सरकार आफैँले सात-आठ हजारको संख्यामा प्रहरी भर्ना गर्ने विषय, प्रत्येक निर्वाचन क्षेत्रमा पालिकालाई केन्द्रित नमुना विद्यालय स्थापना गरी आधारभूत शिक्षाको गुणस्तरवृद्धि गर्ने प्रयास र मधेश विश्वविद्यालयबाट छोटो अवधिको व्यावसायिक तथा सीपमूलक शिक्षा उपलब्ध गराउने विषयलाई समेत आवधिक योजनामा समेट्नुपर्ने उल्लेख गरे ।

सो छलफलकै क्रममा मुख्यमन्त्री सिंहले पूर्णतः औद्योगिक वातावरण सिर्जना गर्न बारा-पर्सा औद्योगिक कोरिडोरलाई औपचारिक रूपमै घोषणा गर्न प्रदेश सरकारले नै वैधानिक व्यवस्थाका बारेमा बुझ्ने काम भइरहेको भन्दै उनले प्रदेश सरकारले गर्न सक्ने अवस्था भएमा प्रत्येक जिल्लाका उपयुक्त स्थानलाई कोरिडोरका रूपमा घोषणा गरी विकसित गरिने जानकारी समेत दिए ।

समृद्ध मधेश, आत्मनिर्भर र सुखी मधेशी भन्ने दीर्घकालीन सोचका साथ मस्यौदा गरिएको आवधिक योजनामा समृद्धितर्फ सर्वसुलभ र उत्थानशील पूर्वाधार, मानवपूँजीको निर्माण र उपयोग, उच्च र दिगो उत्पादन र उत्पादकत्व, निजी क्षेत्र र विदेशी लगानीको वृद्धि, पूर्वाधारको विकास, सम्पदा र संस्कृतिमा आधारित पर्यटन, वित्तीय पहुँचमा सुनिश्चितता आदि सूचक राखिएको उनले बताए ।

# बाढीपहिरोमा परेर खेलाडीको मृत्युपछि चक्काजाम



टुडे समाचारदाता

मलंगवा । एन्फाको लापारबाहीका कारण खेलाडीको मृत्यु भएको भन्दै खेलाडी आदित्य बलम्पाकीको आफन्तजनले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध पारेका छन् ।

मकवानपुरको सिस्नेरीमा पहिरोमा परेर मृत्यु भएका खेलाडी बलम्पाकीको मृत्युको घटनालाई लिएर मृतकका आफन्तजनसहित गाउँलेले लालबन्दी नगरपालिका-१७ रानीगंजस्थित पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका छन् ।

शनिबार बिहान अखिल नेपाल फुटबल संघ (एन्फा) को सिस्नेरीस्थित प्रशिक्षण केन्द्रमा पहिरो परेर रानिगंजका बलम्पाकीसहित ६ खेलाडीको मृत्यु भएको थियो ।

एन्फाको लापारवाहीले खेलाडीको ज्यान गएको भन्दै आक्रोशित स्थानीयवासीले सोमबार दिउँसोबाट राजमार्ग अवरुद्ध गरेका छन् । राजमार्ग अवरुद्ध हुँदा गाडीहरु ठप्प छन् । सडकमा उत्रिएका स्थानीयवासीले आदित्यलाई न्याय देउ, एन्फाविरुद्ध चर्का नारावाजी गर्दै राजमार्गमा प्रदर्शन गरेका थिए ।

सो राजमार्ग अवरुद्धपछि ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको सर्लाही प्रहरीले जनाएको छ ।

यता अहिलेसम्म आदित्यको परिवारजनले उनको शव बुझ्न मानेका छैनन् ।

# जनकपुरधामका वडाअध्यक्ष र वडा सचिवविरुद्ध मुद्दा दायर




टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २४ का वडाअध्यक्ष उपेन्द्र सहनी, वडा सचिव (शाखा अधिकृत) उपेन्द्र साहू तेली र विजय मण्डलविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

घुस लिइ भ्रष्टाचार गरेको आरोपमा पक्राउ परेका उनीहरूविरुद्ध सोमबार विशेष अदालत काठमाण्डुमा मुद्दा दायर गरिएको आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए ।

उनले दिएको जानकारी अनुसार वडा अध्यक्ष सहनी र वडा सचिवले घर बाटो प्रमाणित गरिदिनका लागि सेवाग्राहीसँग ४ लाख ५० हजार रुपैयाँ घुस माग गरेका थिए । सो सूचनापछि आयोगको बर्दिबास कार्यालयबाट खटिएको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको थियो ।

आयोगले वडा अध्यक्ष सहनी र वडा सचिव तेलीलाई भ्रष्टाचार ४ लाख ५० हजार रुपैयाँ बिगो कायम गरी कैद र जरिवानाको मागदाबीसमेत गरेको छ ।

त्यस्तै मण्डललाई आयोगले मतियारको रूपमा प्रतिवादी बनाएको छ । उनलाई पनि आयोगले मुख्य कसुरदार सरह नै सजायको मागदाबी गरेको जनाएको छ ।

# भन्सार कार्यालयमा राजस्व चुहावट

बखतियार अलि

मलंगवा । मासिक रुपमा करोडौं रुपैयाँको राजस्व छली हुने गरेको खुलासा भएको छ ।

सर्लाही भन्सार कार्यालय मलंगवाका भन्सार अधिकृतको रुपमा डम्बर बहादुर बस्नेत आएदेखि भन्सार कार्यालय सर्लाहीमा राजस्व छलीको घटनामा वृद्धि भएको छ ।

सर्लाहीको मलंगवास्थित नेपाल-भारतबीचको गोरखकाली प्रमुख नाकाबाट भन्सार कार्यालय मलंगवाका कर्मचारीहरुको मिलेमतोमा राजस्व छली हुने गरेको खुलासा भएको छ ।

आइतबार दिउँसो ३ बजेर ४५ मिनेटको समयमा भन्सार अधिकृत डम्बर बहादुर बस्नेतको आदेशमा भन्सारको रसिद नलिइ जेएच ०२ बीएम २९८१ नम्बर भएको भारतीय १६ चक्के ट्रकमा लोड भएको २८ लाख मुल्य बराबरको ३५ टन प्याज नेपाल छिर्न खोजे पछि गाडी र चालकलाई सोही भन्सार कार्यालयको १ सय मिटर पश्चिममा रहेको नेपाल प्रहरीको गोरखकाली चौकीका प्रहरीले चेकजाच गर्दा बिलबिजक नभएको र भन्सारसमेत नकाटिएको प्याजलाई नियन्त्रणमा लिइ आवश्यक कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालय बारा जिल्ला पठाइएको छ ।




जिल्ला प्रहरी कार्यालय सर्लाहीका नायब प्रहरी उपरिक्षक दिपक श्रेष्ठले दिएको जानकारी अनुसार सो ३५ टन प्याज विना बिलबिजक लगि रहेको अवस्थामा नियन्त्रणमा लिइ कारबाहीका लागि बारामा पठाइएको छ ।

भन्सार कार्यालयबाट १ सय मिटरको दुरीमा रहेका नेपाल प्रहरीको चौकीमा कार्यरत प्रहरीले भन्सार छली गरी ल्याएको भन्दै पक्राउ गरेर राजस्व अनुसन्धानमा पठाइएको उनले बताए । प्रमुख नाका हुँदै भन्सारकै कर्मचारीहरुको मिलेमतोमा लाखौं लाखको सामानहरु भारतबाट नेपाल भित्रिँदै आइरहेको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा सो कार्यालयको राजस्व उठाउने वार्षिक लक्ष्य ६७ करोड रुपैयाँ थियो । जसमध्ये गत वर्ष मात्र ४८ करोड रुपैयाँ राजस्व मात्रै उठाउन सकेको भन्सार कार्यालयले जनाएको छ । गत आर्थिक वर्षमा नेपाल सरकारले तोके बमोजिम १९ करोड रुपैयाँ राजस्व घाटा भएको थियो ।

त्यसैले चालु आर्थिक वर्षमा सरकारले भन्सार कार्यालय सर्लाहीलाई ५४ करोड रुपैयाँको मात्र लक्ष्य दिएको छ । असोज ११ गतेसम्म ३ महिनाको अवधिमा सो भन्सार कार्यालयले अहिलेसम्म ८ करोड १५ लाख रुपैयाँ राजस्व उठाएको जनाएको छ ।

# अवैध अल्ट्रासाउन्ड क्लिनिकहरु शिल

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको मलंगवामा स्वास्थ्य प्रदायक संस्थाहरु अवैध रुपमा संचालित रहेको फेला परेको छ । अवैध रुपमा संचालित रहेका अधिकांश अल्ट्रासाउण्ड क्लिनिकहरु फेला परेपछि जिल्ला प्रशासन कार्यालय सर्लाहीले शिलबन्दी गरेको छ ।

सोमबार बिहान जिल्ला प्रशासन कार्यालय सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होम प्रसाद घिमिरेको अगुवाइमा स्वास्थ्य कार्यालय, मलंगवा नगरपालिका स्वास्थ्य शाखालगायतको टोलीले संयुक्त रुपमा अनुगमन गरेपछि शिलबन्दी गरिएको छ ।

चेकजाँचमा गर्ने क्रममा सबै क्लिनिकको अनुगमन गरी अवैध क्लिनिकलाई शिलबन्दी गरिएको मलंगवा नगरपालिका स्वास्थ्य शाखाका संयोजक सलिम मिकरानीले जनाएका छन् । उनले यसअघि पनि अनुगमनको क्रममा मलंगवा क्षेत्रमा संचालित स्वस्थ्य प्रदायक संस्थाहरुमा धेरै कमीकजोरीहरु फेला पारी जरिवाना समेत गराइसकेको बताए ।

सो टोलीले प्रादेशिक अस्पताल मलंगवा क्षेत्रमा संचालित ६ वटा अल्ट्रासाउण्ड क्लिनिकहरुको चेकजाँच गर्ने क्रममा ४ वटा क्लिनिक अवैध रुपमा संचालित भएको फेला परे पछि चारवटै क्लिनिकहरुमा शिलबन्दी गरिएको उनले बताए ।

चेकजाँचको क्रममा अवैध फेला परेका प्रेमा हेल्थ क्लिनिक एण्ड प्याथोलोजी, जय माँ सुनैना हेल्थ केयर प्रालि, मुस्कान हेल्थ डाइग्नोस्टिक सेन्टर प्रालि र अन्जनी हेल्थ केयरलाई शिलबन्दी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी धिमिरेले प्रस्ट्याए ।



विना दर्ता सञ्चालन भइरहेका अल्ट्रासाउन्ड क्लिनिकहरुमा अवैध गर्भ परीक्षणदेखि भ्रुण हत्यासम्म हुने गरेका छन् । मलंगवासहित लालबन्दी, नवलपुर, हरिवन, बरहथवा, गोडैता, ईश्वरपुर लगायतका ठाउँमा दर्जनौँको संख्यामा अनुमति विना क्लिनिकहरु संचालन भइरहेका छन् ।

# बालबालिकालाई शैक्षिक सामग्री वितरण




टुडे समाचारदाता

राजविराज । बालबालिकालाई विद्यालयसम्म पहुँच पुर्‍याउन, शिक्षा तर्फ आकर्षित गराउन तथा विद्यालयमा निरन्तर उपस्थितिका लागि प्रोत्साहन गर्ने उद्देश्यले राजविराज नगरपालिकाका एक विद्यालयमा बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको छ ।

सो नगरपालिका ४ बेल्ही चेपना स्थित श्री जनता माध्यमिक विद्यालयमा सोमबार एक कार्यक्रमको आयोजना गरी ५ सय जना बालबालिकालाई स्कूल ब्याग, काँपी, कागजी, मिटौना, छिलौना, टाई बेल्टलगायतका शैक्षिक सामग्री वितरण गरिएको छ ।

सो कार्यक्रममा ४ सय बालबालिकालाई चार सय दरले छात्रवृत्ति रकम समेत वितरण गरिएको छ । नगरपालिका अध्यक्ष ओम प्रकाश मण्डलले छोराछोरीलाई राम्रो शिक्षा दिने अभिभावकहरुको रहर हुँदाहुँदै आर्थिक अभावका कारण रहर पूरा गर्न असमर्थ रहने गरेको पाइएकाले शैक्षिक स्तर उन्नति कार्यक्रम अन्तर्गत पालिका भित्रका विद्यालयहरुमा क्रमिक रुपमा शैक्षिक सामग्री वितरण कार्यक्रम थालिएको बताए ।

समाजसेवी एवम् राष्ट्रिय मुक्ति क्रान्ति नेपालका केन्द्रीय सदस्य गजेन्द्र मण्डलले शिक्षा क्षेत्रमा स्तरोन्नतिका लागि गाउँपालिकाले थालेको प्रयास प्रशंसनीय रहेको बताए । उनले यस्तो कार्यक्रम प्रभावकारी बनाउन शिक्षक र अभिभावक दुवैले सहयोग गर्नुपर्ने बताए । अभिभावकले आ-आफ्ना बालबालिकालाई समयमा तयार गरेर विद्यालय पठाउन तथा सरसफाईमा विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै उनले प्राप्त शैक्षिक सामग्रीको सदुपयोग गर्न बालबालिकालाई सुझाव समेत दिए ।

सो विद्यालयद्वारा आयोजना गरिएको कार्यक्रममा वडा अध्यक्ष अशोक साह, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नन्दकिशोर मण्डल, सदस्य अभिनन्दन मण्डल, बुतनी सदा, प्राध्यानाध्यापक रविन्द्र साह, अभिभावक राजकुमार मण्डल लगायतले पनि बोल्दै बालबालिकालाई विद्यालयमा पहुँच र पढाईमा आकर्षण बढाउन मद्दत पुऱ्याउने विश्वास व्यक्त गरे ।

# नवनिर्वाचित पदाधिकारीलाई शपथ ग्रहण

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल इन्जिनियर्स एसोसिएसन मधेश प्रदेशका नवनिर्वाचित पदाधिकारीको शपथ ग्रहण तथा पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

जनकपुरधाममा सोमबार केही साता अघि एसोसिएसनको नयाँ नेतृत्वकालागि भएको निर्वाचनबाट निर्वाचित पदाधिकारीहरुको शपथ ग्रहण समारोह सम्पन्न भएको छ ।

नवनिर्वाचित अध्यक्ष गौरी पण्डितलाई निर्वाचन समिति सदस्यद्वय रामरतन यादव र धनञ्जय मण्डलले संयुक्त रुपमा शपथ ग्रहण गराएका थिए ।

अध्यक्ष पण्डितले बाँकी निर्वाचित पदाधिकारीसहित सदस्यहरुलाई शपथ ग्रहण गराएका थिए । उनले सचिवमा निर्वाचित अजित मण्डल, सहसचिव सफल साह, कोषाध्यक्ष उदितकुमार यादव, सदस्यहरु मनोज साह, अर्चना यादव, रुपेशकुमार यादव, बलिराम साह र अजयकुमार यादवलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

सो कार्यक्रममा भने केही नवनिर्वाचित पदाधिकारीहरु उपस्थित नरहेकाले उनीहरुको शपथ ग्रहण पछि गरिने अध्यक्ष पण्डितले बताए ।

सो कार्यक्रम इन्जिनियर चन्देश्वर रौनियारको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।




विपद्बाट बचौं र बचाऔं ।

विपद् आकस्मिकरुपमा आउने हुँदाः

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं,
- समुदायतथाछरछिमेकमाआवश्यकसमन्वयगरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं,
- विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्दार र पुनर्स्थापनामा सहयोग गरौं,
- विपद्सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८